## टिप्पणी

### १ डा. अभि सुवेदी, लेखक

सीकेजीले यो सोचपत्रमा धेरै विषय उठाउनुभएको छ । लेखाइ अलिकति अराजक भयो भने मलाई मन पर्छ, र यो पत्रमा म जस्तालाई पस्ने धेरै ठाउँ छ । महागाथा (ग्राण्ड न्यारेटिभ) देखि लेख्य कुरासमेतको यसमा चर्चा छ । साक्षरता दर कम भएकाले मौखिक परम्पराको कुरा हामीकहाँ अझै महत्वपूर्ण हुन्छ । ९० भन्दा बढी मातृभाषा, संस्कृति यहाँ छन् । र, यो देश मौलिक संस्कृतिले अत्यन्त सम्पन्न छ । राष्ट्रियताको कुरा गर्दा यो यथार्थलाई कसैले उपेक्षा गर्न मिल्दैन । महेन्द्रको राष्ट्रवादलाई केन्द्रमा राखेर र त्यसअघिको समयलाई छोटकरीमा चर्चा गर्दै सोचपत्र अगाडि बढेको छ । राष्ट्रवादको हतियारलाई सफल प्रयोग गर्ने शासकमध्ये महेन्द्र एक हुन् । यस मानेमा उनी जंगबहादुरभन्दा पनि कुशल थिए । अत्यन्त सटिक ढंगले महेन्द्रको राष्ट्रवादलाई सीकेजीले चिर्नुभएको छ ।

इटलीका चिन्तक एन्टोनियो ग्राम्सी भन्छन् – कुशल अधिनायकहरू एकातर्फ सैन्य बलबाट जनमानसलाई मुठ्ठीभित्र बलियोसँग राख्छन् भने अर्कोतर्फ साहित्यकारहरू, कलाकारहरू, संस्कृतिकर्मीहरूसँग अत्यन्त मिलनसार भएर प्रस्तुत हुन्छन् । महेन्द्र त्यस्तै थिए । तिनी साहित्यिक व्यक्तित्व, कलाकारहरूसँग अत्यन्तै मिलनसार भएर प्रस्तुत हुन्थे । तिनले प्रज्ञा प्रतिष्ठान स्थापना गरे । कविताका शीर्षक दिएर अथवा कविहरूलाई स्वतःस्फूर्त रूपमा कविता लेख्न लगाउँथे । ती बेलायतमा गए, एउटा आधुनिक नेपाली कलाकार (लैनसिंह वांग्देल) लाई भेट्टाए, लिएर आए । दार्जिलिङमा गए, गीतसंगीतका मूर्धन्य अम्बर गुरूङलाई लिएर आए । बम्बई जाँदा फिल्म बनाउनुपर्‍यो भनेर चेतन कार्कीलाई लिएर आए । यसरी महेन्द्रले आफैंले तौलेर, पर्गेलेर आमाजस्तो अत्यन्त असल छहारी दिंदै राष्ट्रवादको संरचना गर्दै गए । आफ्नै हावा, पानी, माटो सुहाँउदो भन्ने नारा दिए । सायद एउटा नयाँ राष्ट्रवादको संस्कृतिको सृजना गर्छु भन्ने ठानेर त्यसो गरे कि ? छलफलको विषय हो यो ।

सीकेजीले सोचपत्रमा भन्नुभएको छ, पञ्चायतकालमा एउटा यस्तो वर्गको जन्म भयो जसले राष्ट्रियताको अर्थ बुझ्केन । त्यहीबेला नेपालमा मध्यम वर्गको पनि जन्म भयो र प्रजातान्त्रिक कालमा विस्तार भयो । त्यसको जन्ममा विदेशी सहायताबाट आएको पैसाले भूमिका खेलेको छ । विदेशी सहायताको रकमबाट कर्मचारीहरूले धन आर्जन गरे, जुन विदेशी बैंकमा पनि जम्मा भयो होला । तर, अर्को एक ठाउँमा त्यो लगानी भयो : सन्ततिको शिक्षादीक्षामा । उनीहरूले आफ्ना सन्तानलाई प्राविधिक, चिकित्सा शिक्षा दिलाए । त्यस पैसाले शिक्षित वर्गको रचना भयो, मध्यम वर्गलाई जन्म दियो । त्यो वर्ग राष्ट्रियताको भावनासँग सम्बन्धित भएन भन्ने सीकेजीको तर्क छ । तर, त्यसबीच एकाध अपवाद पनि देखापरे । जस्तै, तीसको दशकको मध्यतिर (जनमत संग्रहताका) देखि नेवार बौद्धिक पंक्तिले हीनताभावबाट मुक्त हुन अभियान सुरु गऱ्यो । खास गरी नेवारीभाषी बौद्धिक उद्यमीहरूले नेपाली भाषाको वर्चश्व (हेजेमोनी) को विरोधमा उक्त कार्यारम्भ गरेका थिए ।

राष्ट्र एक हुन एउटा काल्पनिकीको साझा संरचना हुन्छ; त्यसले काल्पनिक समुदायलाई एक सूत्रमा बाँध्छ र राष्ट्र बन्छ भन्छन् बेनेडिक्ट एन्डरसन । त्यसो त तिनको पनि आलोचना भएको छ र अरू ग्रन्थ पनि त्यसबारे निस्किसकेका छन् । समुदायलाई बाँध्नको निम्ति ग्राम्सीले भनेजस्तै एउटा हेजेमोनीकै रचना गर्ने हो : सबैलाई यसरी जुटाउने कि कसैले अन्यथा नठानोस्, नसोचोस् । थिचोमिचो भए पनि त्यो स्वीकार गर्ने, प्रश्नै नगर्ने होओस् । जस्तो कि, स्वास्नीमान्छे लोग्नेमान्छेभन्दा कमजोर हुन्छन् भन्यो, त्यसलाई प्रश्नै नगर्ने । यस किसिमको स्वीकृतिको वातावरण बनाउनेलाई ग्राम्सीले हेजेमोनी भनेका छन् । र, महेन्द्रले त्यस्तैखाले वर्चश्वयुक्त (हेजोमोनिक) राष्ट्रवाद बनाउने काम गरेका थिए ।

सोचपत्रमा इतिहासलाई नबाँधीकन खुला हिसाबले छलफलमा राखिएको छ । यसरी राख्दाखेरि छलफलको क्रममा थुप्रै प्रश्नहरू पनि आउलान् । कहिलेकाहीँ इतिहासको व्याख्या पुनरावृत्ति हुने हुन्छ । इतिहास फर्कीफर्की पनि आउँछ । राणा शासनकालमा अंग्रेजहरूले नेपाललाई सुरक्षाको प्रत्याभूति दिएका थिए । राणाहरूले अंग्रेजलाई मानिदिएको बदलामा त्यो पाएका थिए । त्यो सुरक्षालाई सन् १९५० को सन्धिले मौखिक रूपमै भए पनि स्वीकृत गऱ्यो भनिएको छ । त्यसको थप व्याख्या आवश्यक पर्छ होला । अहिले इतिहासको पुनर्व्याख्या भैरहेको छ । बीपी कोइरालाले र मातृका कोइरालाले पनि आफ्ना पुस्तकमा दिल्ली सम्झौतामा काँग्रेसको भूमिका नभएको दाबी, व्याख्या गरेका छन् । त्यस्तै, राष्ट्रवादी भावना जागृत गर्न खोज्दा र

आफ्नो स्वाभिमान र स्वाधीनतालाई कायम राख्न खोज्दा वीरेन्द्रको हत्या भएको व्याख्या प्रचण्डको आएको छ । भनाइको अर्थ के भने, हिजो हामीले जे जानीसुनी आयौं त्यो इतिहासको पुनर्व्याख्या भैरहेको छ । परिवर्तन ल्याउने क्रान्तिकारी दलका नेताले पुनर्व्याख्या गरेको यो कुरा राष्ट्रियताको सन्दर्भमा कसरी जोडिन्छ, यो जिज्ञासा र छलफलको विषय छ । सोचपत्रमा के पनि भनिएको छ भने, भारतविरोधी जति पनि गतिविधि भैरहेछन्, त्यसले गर्दा हीनताभाव सृजना भएको छ । यो इतिहासको मनोवैज्ञानिक व्याख्या हो र यसको थप व्याख्या आवश्यक छ ।

यो सोचपत्रमा अत्यन्त सृजनात्मक र पहिले नउठेका कुरा उठेका छन्; मौलिक व्याख्या छ । मधेसीहरूको आन्दोलन र माओवादी आन्दोलनले राष्ट्रवादलाई नयाँ तरिकाले उठाएको तर्क गरिएको छ, जसको म समर्थन गर्छु । माओवादी र मधेस आन्दोलनले नयाँ ऊर्जा दिएको हो भन्ने म पनि ठान्छु । सीकेजीले नयाँ नेपालले पुरानो नेपाललाई ओझेल पारिदिएको कुरा उठाउनुभएको छ । यो क्षेत्रको सबभन्दा पुरानो, स्थायी र स्वतन्त्र राष्ट्र हो नेपाल, जसलाई नयाँ नेपालको कुराले छोपेको छ । यो राष्ट्र बन्नुका ऐतिहासिक आधारहरू के कति थिए, राष्ट्रनिर्माणको ऐतिहासिक कार्य के-कस्तो थियो, ती सब स्वीकार्न हामीलाई अप्ठेरो परेको छ, पुरानोलाई नयाँले ढाकेकाले । तसर्थ, पुरानो नेपालको यथार्थ कुरालाई नबंग्याइकन नयाँ नेपालको जग बसाउनुपर्छ, चित्र बनाउनुपर्छ । यस्ता कुरा अत्यन्त सृजनात्मक र सैद्धान्तिक ढंगले उहाँले छलफलको लागि उठाउनुभएको छ ।

उत्तरआधुनिकतावादी एक लेखकले भने जस्तै राज्यहरू सञ्चालन गरिँदा महागाथाहरूको संरचना र खासगरी सांस्कृतिक संरचनाले राज्यका शक्तिहरू निर्माण गर्छन् । त्यसैले जुन गाथाहरू छन्, अथवा तिनलाई निर्माण गर्ने कुरा र तिनका विभिन्न स्वरूपहरूबारे गरिने छलफल अत्यन्त ऊर्जाशील विषय हो । अहिलेसम्म राज्यभित्र एकखाले महागाथा लादिएको छ, अथवा राज्यले सबैमाथि लाद्ने जुन प्रक्रिया छ, त्यो प्रक्रियाको विरोधस्वरूप यो सोचपत्रमा गाथा निर्माणको कुरा आएको छ । अरूका पनि गाथा छन् । सम्मानको रूपमा सबैको गाथा लेखिनुपर्छ भन्ने कुरा उठेको छ ।

राज्यले र केही अन्यले पनि मधेसी आन्दोलनलाई अकस्मात् जन्मिएको, एक्कासि भएको, कहाँ कहाँबाट आएका मान्छेले गरेको आन्दोलन भने । त्यसलाई महेन्द्रीय राष्ट्रवादकै दृष्टिकोणले हेरियो । हिजोदेखि रहिआएको इतिहासलाई राज्यले कसरी बिर्स्यो भन्ने उदाहरण खोज्न धेरै टाढा जानै पर्दैन । हाम्रै वरपर प्रशस्त

उदाहरण भेटिन्छन् । उपत्यकाका विभिन्न ठाउँमा मैथिली भाषामा 'स्क्रिप्ट'हरू छन् । मैले पटकपटक भनेको र किताबमा पनि लेखेको छु : मैथिली नाटक, मैथिली परम्परा, मैथिली प्राज्ञिकता (स्कलरशिप)को काठमाडौं उपत्यकाको इतिहास भव्य छ । यति धेरै स्मृति (मेमोरी)हरू छन्, गाथाहरू छन्, तिनलाई गौण बनाएर पछिल्लो समयमा उठेका व्यक्तित्वहरू लिएर अर्का गाथाहरू पुनर्निर्माण गरिए । विम्ब निर्माण गरिए । बहानाहरू बनाइए । र, ती बहानाद्वारा राष्ट्रवादको व्याख्या गरियो ।

नेपालका राजनीतिक दलहरू, चिन्तकहरू सबैले इतिहासलाई बेवास्ता गरेका छन् । हिजोका यहाँका मानिसहरूको इतिहास, ऐतिहासिक व्यक्तित्वहरू, विम्बहरू, लेखनीहरूलाई नेहेर्ने, बेवास्ता गर्ने र बहाना गरेर पन्छाउने प्रवृत्ति छ । इतिहासको अध्ययन गहन रूपमा हुनु जरूरी छ । अहिलेसम्म विभिन्न मानिसहरू यहाँसम्म कसरी आए भन्ने धेरै आधार छन्, आ-आफ्नै कथा, संस्कृति, गाथाहरू छन् । धेरैको बलिदान, लडाइँ, त्यागका कथा छोपिएका छन् । ती कसैका राष्ट्रवादी चिन्तन अगाडि ल्याउन छोपिएका हुन् । यी कुराहरू उजागर गरिनुपर्छ । गाथाहरू स्वतःस्फूर्त निर्माण हुनुपर्छ र ती इतिहासबाट सुसूचित हुनुपर्छ भन्ने मलाई लाग्छ ।

## २ डा. केशवमान शाक्य, नेपाः राष्ट्रिय पार्टी

मेरो दृष्टिकोणमा यो सोचपत्रमा धेरै गडबडी छ । यसले हामीलाई अगाडि बढ्न खासै मद्दत गर्दैन । मुख्य कुरा, सोचपत्रमा एउटा पगाल्ने कसौंडीको खाका कोर्ने कोसिस छ । अनि त्यो भाँडो रचना गर्ने स्कुल माथिबाट तल बग्ने (टप डाउन) र सम्भ्रान्त वर्गीय छ । धेरै स्थानमा चुम्बकले झैं आफूलाई चाहिने-चाहिने कुराहरूमात्र टपक्क उठाइएको छ अर्थात् 'एब्स्ट्र्याक्सनिस्ट अप्रोच' लिइएको छ । त्यसैले यो समस्यामूलक छ । आवश्यक त 'इसेन्सियलिस्ट अप्रोच' हो जसले समग्रमा हेर्छ । जेजस्तो छ, सबैलाई समेटेर हेर्छ ।

विगतमा नेपाल हिन्दू वर्णाश्रममा आधारित श्रेणीबद्ध समाज रह्यो । जयस्थिति मल्लले बाहिरबाट ब्राह्मणहरू ल्याएर ६४ नेवारहरूको श्रेणीबद्ध समाज निर्माण गरे । सम्भ्रान्तहरू ल्याएर जबर्जस्ती हिन्दू वर्णाश्रममा आधारित व्यवस्था लागू गरियो । यसले सामाजिक संरचना भताभुंग पार्‍यो र त्यसैकारण गोर्खाको आक्रमण सामना गर्न सकेन । गोर्खाली पृथ्वीनारायण शाहले चार जातको ठाडो (भर्टिकल) र ३६ वर्णको

सीधा (हराइजन्टल) गरी मिश्रित समाज स्थापना गर्ने खोजे । तर, त्यहाँ सीधा प्रवर्गकाहरूलाई सीमान्तकृत गर्ने काम भयो । त्यही कारणले २०४६-४७ सालमा आएर जनजाति आन्दोलन सुरु भयो । यद्यपि, सोचपत्रमा सबै जस माओवादीलाई दिइएको छ, तर उनीहरू आउनुभन्दा अगाडि जनजाति महासंघले जातीय मुद्दा, राष्ट्रियताको मुद्दा उठाएको हो जसको प्रभाव अहिलेसम्म छ । माओवादीले मुक्तिको नारा दिएर सो उत्पीडनलाई राजनीतिक रूपमा भजाएको मात्र हो । त्यो हामीले बुझ्नुपर्छ । यो सोचपत्रमा खाका कोरिएको पगाल्ने कसौंडीले जुन ऐतिहासिक उत्पीडन छ त्यसबाट मुक्तिको कुरालाई समात्न सकेन भने त्यो काम लाग्दैन ।

२०४६-४७ सालमा जनजातिहरूले जुन आन्दोलन उठाए – हुन त अहिले आदिवासी जनजाति पनि भनिन्छ, तर त्यो आदिवासी मलाई त्यति रुचिको कुरा होइन । अहिले आइएलओले दिने र आदिवासीको नाउँमा आउने विदेशी स्रोतसाधनका लागि दौडेको मात्र हो, वास्तवमा त्यो आदिवासी तत्व त्यति बलियो छैन – त्यसबेलाको उनीहरूको मनस्थिति 'इसेन्सियलिस्ट' थियो । म आफैं जनजाति महासंघको संस्थापक महासचिव भएकाले त्यो मलाई थाहा छ । जनजाति आन्दोलनबाट सिकेर अहिले दलितहरू पनि धेरै संगठित भएर उत्पीडनबाट मुक्तिको पक्षमा आन्दोलन गरिरहेका छन् । मधेसीहरूको आन्दोलन पनि सुरु भएको छ तर त्यो अलि स्पष्ट भएर आएको छैन, जति जनजाति, दलितहरू स्पष्ट भएर आएका थिए । हालै यसको प्रभाव खसहरूमा देखिएको छ, उनीहरू पनि खाका कोर्न खोज्दै छन् । सुरुआत भएको छ । त्यसैको प्रतिक्रिया ब्राह्मणहरूमा पनि देखिएको छ । यी सब सकारात्मक 'इसेन्सियल' आन्दोलनका कोशेढुंगा हुन् भन्ने मलाई लाग्छ । यसको आधारमा विश्लेषण गरेको खण्डमा अहिलेको विद्यमान यथार्थ बुझ्न सकिन्छ, नत्र शब्दजाल मात्रै बुनेर केही हुँदैन ।

## ३ खगेन्द्र संग्रौला, लेखक

सीकेजीले अनौपचारिक सोचपत्रमार्फत अर्थपूर्ण काम गर्नुभएको छ । राज्यको पुनःसंरचना, राज्यका विभिन्न निकायहरूको लोकतन्त्रीकरण, सम्पत्ति सम्बन्धको पुनःसंरचना, नेपाली समाजको समताकरणबारे यतिखेर छलफल गरिंदैछ । समाजको बाह्य भौतिक संरचना र खाकाहरूमा परिकल्पना गरिए जसरी राज्यसंरचनाहरूको

पुनःसंरचना भयो भने पनि विभिन्न अंग अवयवमा विभक्त नेपाललाई भावनामा, मनोविज्ञानमा, संस्कृतिमा र सम्बन्धमा एक सूत्र र सञ्जालमा बुन्ने सांस्कृतिक-मनोवैज्ञानिक आधार निर्माण भएनन् भने त्यो भौतिक परिवर्तन धेरै अर्थपूर्ण हुँदैन । परम्परागत वर्चश्व कायमै रहनेछ । द्वन्द्व र विवादहरू कायमै रहनेछन् । विभेदका पर्खालहरू रहिरहनेछन् । नेपाली समाजको तात्विक रूपान्तरण र पुनःसंरचनामा यी कुराहरूको अहम् महत्व छ भन्ने मलाई लाग्छ ।

यो सोचपत्रमाथि मूलतः मेरा दुइटा जिज्ञासा छन् । सीकेजीले पत्रमा उल्लेख गर्नु भएको छ – गणतन्त्र स्थापना गर्ने अभिप्रायबाट २०४७ सालको संविधान निर्माण भएको थियो । त्यो संविधान, जसले राजातन्त्रलाई अपरिवर्तनीय मान्यो, जसले सेनालाई राजाको मातहतमा छाडिदियो, र संकटकाल फुकाउने नाउँमा धारा १२७ व्यवस्था गऱ्यो, जुन प्रकारान्तरले २०१५ सालको संविधानको धारा ५५ को प्रतावतार हो – राजालाई त्यतिविधि शक्तिशाली बनाएर त्यत्रो सत्ता र शक्ति प्रदान गरिदिने संविधानलाई गणतन्त्र स्थापना गर्ने लक्ष्यले बनेको थियो भन्न मिल्ला र ?

सोचपत्रमा उल्लिखित साझा गाथा निर्माण गर्ने सुझावका सन्दर्भमा पनि मेरो जिज्ञासा छ । वास्तवमा साझा गाथा बनाइन्छ कसरी ? सुविचारित रूपबाट, प्रायोजित रूपबाट, सचेत प्रयास र लगनबाट, अथवा राज्यमा र समाजमा लोकतान्त्रिक परिवर्तन हुँदै जाँदा स्वतःस्फूर्त रूपमा तिनको निर्माण हुन्छ ? सोचपत्रबाट सुविचारित र प्रायोजित रूपबाटै गाथाहरूको निर्माण गरिनुपर्छ भन्ने आसय ध्वनित हुन्छ । यस सन्दर्भमा महेन्द्रीय गाथाहरूबारे केही चर्चा गर्नु उपयुक्त होला । महेन्द्रीय संस्कृति भनेको भ्रान्तिकारी तर लोकप्रिय गाथाहरूको जंगल हो, जसप्रति धेरैथोरै हामी सबै आसक्त छौं । र, महेन्द्रीय राष्ट्रवादको गाथाहरूको प्रभावबाट सबैभन्दा धेरै कम्युनिष्टहरू आक्रान्त छन् । समाजका वञ्चितहरू, परित्यक्तहरू, सीमान्तकृतहरू र पछि पारिएकाहरूलाई शक्ति सम्पन्न गर्ने, स्वाभिमानी र समृद्ध बनाउने संघीय संरचनाको विरूद्धमा एकथरी कम्युनिष्टहरू ज्यान फालेर लागेका छन् । यो आग्रहको प्रेरक र यसको उद्भवी स्रोत भनेको महेन्द्रीय राष्ट्रवादै हो । यस आग्रहले संघीयताले देश टुक्र्याउँछ भन्दै पहाडी आँखाले मधेसलाई हेर्छ । मधेसबासीहरूको नागरिकतामाथि प्रश्न गर्छ । तिनको उद्भवमाथि, आत्मसम्मानमाथि र देशभक्तिमाथि प्रश्न गर्छ । यो महेन्द्रीय राष्ट्रवादबाट निसृत अन्धराष्ट्रवादी रोग हो ।

शाही राष्ट्रवादमा धेरै गाथाहरू निर्माण गरिएका छन् । इतिहास, पाठ्यपुस्तक, साहित्य, कला, संस्कृति, नोटमा छापिएका विम्बहरू, शालिकहरू वा अरू विभिन्न

माध्यमबाट डरलाग्दा गाथा निर्माण गरिएका छन् । त्यही पाठशालाको शिक्षाबाट दीक्षित भएका हुनाले त्यसको प्रभावबाट हामी धेरथोर आक्रान्त छौं । पृथ्वीनारायण एकीकरणकर्ता, त्रिभुवन राष्ट्रपिता, महेन्द्र राष्ट्रवादका उन्नायक – यी विम्ब, सञ्जालबाट हामी मुक्त छैनौं । त्यस्तै, पार्टीका पर्खालभित्र सबैका आ-आफ्नै गाथाहरू रहेका छन् । प्रजातान्त्रिक समाजवादअन्तर्गत बीपी-गणेशमान गाथा छ । प्रचण्ड पथको बाटोमा प्रचण्डीय गाथा निर्माण गरिएको छ । जबजको बाटोमा मदन गाथा निर्माण गरिएको छ । तर यी पार्टीका पर्खालभित्र रहेका गाथाहरू पर्खालभित्रै रहेको हुनाले तिनलाई विस्तारित गर्ने सम्भावनाहरूलाई संकुचन गरिएको छ । महेन्द्रीय राष्ट्रवादअन्तर्गत जुन गाथा निर्माण गरिए तिनले चिन्तनमा एउटा रूढी उत्पन्न गरे । जाति-जाति बीचमा, व्यक्ति-व्यक्ति बीचमा पर्खालहरू र विभेदहरू निर्माण गरे । महेन्द्रीय गाथाबाट आजसम्म समाज आक्रान्त छ र सम्भवतः अर्को पचास वर्षसम्म आक्रान्त नै रहनेछ ।

तसर्थ, गाथा निर्माण गरिनुपर्छ भन्ने सीकेजीको आग्रहमा मेरो सम्मति छ । तर, यसरी प्रायोजित रूपबाट निर्माण गरिने गाथाहरूले चिन्तनलाई, संस्कृतिलाई, समाजलाई र सम्बन्धलाई रूढीको सञ्जालभित्र पार्छ कि भन्ने पनि मेरो चिन्ता छ । प्रायोजित ढंगले निर्माण गरिने गाथाहरूले जुन रूढीको निर्माण गर्छन् त्यो रूढी समाज, संस्कृति र सम्बन्धहरूलाई गतिशील राख्न, सबै कुरालाई परिवर्तनको प्रवाहमा राख्न साधक होलान् कि बाधक ? विचारणीय छ ।

## ४ गणेश वि.क., राष्ट्रिय दलित नेटवर्क–नेपाल

सीके लाललिखित सोचपत्रले गम्भीर र महत्वपूर्ण विषयवस्तु उठाएको छ । यस्तो महत्वपूर्ण विषयमा २०४६ सालको परिवर्तनपछाडि हाम्रो पटक्कै ध्यान पुगेन । वास्तवमा २०४६ सालको परिवर्तन सतहमा भयो, गहिराइमा पुगेन, जसले गर्दा आमजनताले परिवर्तन अनुभूत गर्न सकेन । जातीय विभेद र छुवाछूत तथा अन्य विभेदहरूको अन्त्य हुन सकेन । परिवर्तनले आममानिसलाई नछोएकाले लामो संघर्षपछि प्राप्त भएको प्रजातन्त्रप्रति पनि उनीहरूको अपनत्व रहेन ।

सोचपत्रमा नेपाली समाजको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनीतिक परिवर्तन तथा यसलाई संस्थागत गर्नमा राजनीतिक दलहरूको भूमिकाको गहिरो

विश्लेषण गरिएको छ । र, नेपाली भएको महसुस गरिने आधारहरूको विश्लेषण गरिएको छ । तर, सिंगो सोचपत्रमा दलित समुदाय र उनीहरूको संघर्षलाई पर्याप्त ध्यान र स्थान दिइएको छैन, जबकि आफूलाई नेपाली भन्नबाट वञ्चित समुदायमध्ये दलित प्रमुख हो । सोचपत्रमा जातिलाई राष्ट्रियताका आधारमा बुझाउने काम गरिएको छ । अहिलेको संघीयताको बहसमा पनि यो तर्क जोडतोडले उठेको छ । तर, नेपाली समाजको अंशमा आफ्नो दाबी पेस गर्दा दलित समुदायको राष्ट्रियता संकटमा परेको देखिन्छ । प्रश्न उठ्छ, दलितहरूको राष्ट्रियता हुन्छ कि हुन्न ? सोचपत्रमा यस प्रश्नको चित्तबुझ्दो उत्तर भेटिँदैन ।

ऐतिहासिक जनआन्दोलन २०६२-६३ बाट पुनःस्थापित प्रतिनिधि सभाको ४ र ९ जेठ २०६३ का घोषणालाई यो सोचपत्रमा बढी महत्व दिइएको छ भने जेठ १६ र २१ गतेका क्रमशः महिला अधिकार र छुवाछूत मुक्त राष्ट्र घोषणालाई कम महत्व दिइएको छ । मधेस आन्दोलनबाट प्राप्त संघीयताको घोषणाभन्दा यी दुई घोषणाहरू कम महत्वका होइनन्; यिनको महत्तालाई कम आँक्न मिल्दैन ।

पहिले राज्यले जबर्जस्ती तोकेका राष्ट्रिय विभूतिहरूलाई वर्तमानमा वास्ता नगरिएको र संविधानसभाका मस्यौदा अवधारणापत्रमा पनि राष्ट्रिय विभूतिहरू नतोकिएको परिप्रेक्षमा लेखकले "२००७ साल अघिका शहीदहरू, २००७-२०१७ अवधिका द्रष्टा, २०१७-२०४७ बीचका संघर्ष उत्प्रेरक एवं माओवादी तथा मधेस विद्रोहका केही योद्धाहरू समावेश गरी राष्ट्रिय पूज्य व्यक्तित्वको सूची" तयार गर्नुपर्ने तर्क गरेका छन् । उक्त तर्क मान्य त हो, तर त्यहाँ पनि दलितलाई उल्लेख नगरिनु स्वीकार्य होइन । नेपाल राष्ट्रको निर्माणमा बिसे नगर्ची, बांगे सार्कीलगायतका दलितहरूको भूमिका र योगदान कम आँक्न मिल्दैन ।

सीकेजीको सोचपत्रको अर्को कमजोरी भनेको राजनीतिक दल, यसका नेताको योगदान, भूमिकालाई कम महत्ता दिनु हो । २०१७-२०४७ बीचको पुस्तालाई "वैचारिक रूपमा झण्डैझण्डै 'हराएको पुस्ता'" भन्दै गर्दा सो अवधिमा भएका संघर्ष र रूपान्तरणलाई कम आँकिएको प्रस्ट हुन्छ । किनभने चाहे त्यो २०४६ सालको जनआन्दोलन होस् या पछिल्लो जनआन्दोलन (दुई), तिनको सफलताको जग सोही कालखण्डमा कोरिएको हो । र, ती सफल जनआन्दोलनको नेतृत्व तत्कालीन समयका राजनयिकहरूले नै गरेका हुन् : २००७ सालमा त्यो बीपी र पुष्पलालले गरे, २०४६ सालमा त्यो गणेशमान, मनमोहन अधिकारीले गरे, र २०६२-२०६३ सालमा गिरिजाप्रसाद, माधव नेपाल र प्रचण्डले गरे । २०४६ सालको परिवर्तनपश्चात् नेपाली समाजको रूपान्तरणको आकांक्षाको

राजनीतिक सम्बोधन मदन भण्डारीको नेतृत्वको नेकपा (एमाले) द्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) ले गरेको हो, जहाँ अन्ततः एनेकपा (माओवादी) र नेपाली काँग्रेससमेत उभिन आएका छन् । यो तथ्यलाई पनि लेखकले बेवास्ता गरेका छन् । यी केही कमीकमजोरी बाबजुद सोचपत्रले तर्कपूर्ण हिसाबले पर्याप्त मुद्दा उठाएको छ, जसबारे गम्भीर बहस, छलफल जरूरी छ ।

## ५ गोपाल ठाकुर, नेकपा (एमाले)

यो सोचपत्र विरोधाभासपूर्ण छ । कुनै ठाउँमा यो उत्तरआधुनिक सिद्धान्तबाट प्रभावित छ; सबै कुराको विनिर्माणको कुरा गरिएको छ । अर्कोतिर, प्रत्येक नेपालीले नेपालीबाहेक अर्को एउटा भाषा सिक्नुपर्ने सुझाव दिइएको छ । यी दुबै परस्परविरोधी कुरा भएकाले प्रस्टता आवश्यक छ । उत्तरआधुनिकतावादमा केन्द्र हुन्न । र, यसले अन्तमा शून्यवाद (निहिलिजम्)मा पुऱ्याउँछ । शून्यवादमा जान हामीले यो प्रयत्न गरेका हैनौं । र, त्यतातिर जान सम्भव पनि छैन । केन्द्रियताको जतिसुकै विरोध गरे पनि विरोध गर्नेहरूले अर्को खालको केन्द्रियता स्थापित नगरी सुख पाउँदैनन् । त्यसैले, केन्द्रियता हुनुपर्छ भन्ने मेरो मान्यता छ, यद्यपि त्यो सँगसँगै जनवाद पनि हुनुपर्छ, लोकतान्त्रिक पनि हुनुपर्छ ।

२०१२/१४ सालसम्म पनि मधेसीहरू राजधानी आउँदा राहदानीको प्रयोग गर्नुपर्थ्यो, किनभने उनीहरू मातृभाषाको रूपमा, सम्पर्क भाषाको रूपमा कथित नेपाली भाषा बोल्न सक्दैनथे । तसर्थ, जातीयता (एथनिसिटी) को आधारमा नेपालमा सय-दुई सय जति समूह होऊन्, राष्ट्रियता (नेशनलिटी)को कुरा गर्दा यो देश दुई राष्ट्रियता (मधेसी र पहाडी)को देश हो । यसका लागि प्रशस्त आधारहरू छन्, जुन कुरा यो सोचपत्रमा पनि प्रस्ट उल्लेख हुनुपर्थ्यो । मधेसमा पनि दलित छन्, पहाडमा पनि दलित र नेवारमा पनि दलित छन् । त्यस्तै, जनजाति मधेसमा पनि छन् र पहाडमा पनि छन् भने स्पष्ट रूपमा मधेसी जनजाति, पहाडि जनजाति भन्न किन नहुने ? मधेस र पहाडको जीवनशैली फरक छ, भूबनोट, नाप-नक्सा फरक छ । नाप-तौलको पद्धति भिन्न छ । तर, अहिले मधेसी राष्ट्रियताको कुरा गर्दा त्यसलाई यति कमजोर बनाइएको छ कि दलित भनेको छुट्टै, मधेसी भनेको छुट्टै भनेर विभाजन गर्न खोजिएको छ । अझ, यो देशमा मधेस, मधेसीहरू अन्यत्रबाट आएको हुन्

भनिन्छ । मधेसमा भोलि बहुराज्यको अवधारणामा जान सकिन्छ, अथवा नजान पनि सकिन्छ । यसबारे बहस गर्न सकिन्छ । यस्तै, पहाडमा पनि बहुराज्य, बहुराष्ट्रको अवधारणामा जान सकिन्छ कि सकिन्न त्योबारे बहस गर्न सकिन्छ । तर, मूलभूत रूपमा यो दुई राष्ट्रियताको देश हो । यो तथ्यलाई स्वीकार नगरेकैले अनेक समस्या सृजना भएका हुन् । र, यो कुरा स्वीकार नभएसम्म समस्या ज्यूँका त्यूँ रहिरहनेछ ।

नेपाली भाषाको कुरा गर्दा, अहिले जुन भाषालाई नेपाली भनिएको छ, त्यसले नेपालमा बोलिने अन्य भाषालाई गैरनेपाली जस्तो भान पर्न गएको छ । त्यसैले यो समस्यामूलक छ । म भोजपुरी भाषा बोल्छु तर नेपालीय भोजपुरी बोल्छु । नेपालीमा म नबोल्न पनि सक्छु, किनभने नेपाली भाषा भनेर एउटा भाषा मात्र देखाइएको छ । त्यसैले पनि नेपालीयको आवश्यकता छ । भारतमा पनि भाषालाई भारतीय भनिएको छैन ।

नेपाली झण्डाको सवालमा यही झण्डा नै कायम राख्नुपर्छ भन्ने छैन । बहस छलफल हुन जरूरी छ । झण्डा चाहियो, तर चन्द्र-सूर्य, रातो-नीलो कसैका लागि ठीक हुने कसैका लागि ठीक नहुने; बहस चलिरहेको छ । पृथ्वीनारायण आफूलाई चन्द्रवंशी मान्थे, त्यसैले चन्द्रलाई माथि सूर्यलाई तल राखे, भनिन्छ । के गर्ने भन्ने निर्क्योल गर्न जनताका अगाडि लग्नुपर्छ । बहस छलफल हुनुपर्छ । अर्को, संसदीय प्रणाली हुने कि राष्ट्रपतीय प्रणालीमा जाने भन्नेमा पनि बहस भैरहेको छ । सीकेजी यो पेपर खुला हो भन्नुहुन्छ, तर यो हुनुपर्छ भन्ने मत पनि राख्नुहुन्छ । खुला हो भने दुबै कुरा उल्लेख हुनुपर्थ्यो ।

## ६ गोरेबहादुर खपांगी, राष्ट्रिय जनमुक्ति पार्टी

नेपालीय भन्ने शब्द नेपाली साहित्यमा मैले कतै पढेजस्तो लाग्दैन । नेपाली शब्दले नै त्यसको ठाउँ लिइराखेको थियो । र, यस सोचपत्रका सबै कुरालाई नेपाली शब्दले पूर्णता दिन्थ्यो । अब यहाँ नेपालीय आयो । यस्तो खालको शब्द सायद भारतसँग गाँसिएको छ । भारती भन्दा बुझिँदैन, भारतीय नै भन्नुपर्छ । नयाँनयाँ शब्द पढ्न, उच्चारण गर्न म मगरलाई अप्ठ्यारो लाग्छ । बिस्तारै बानी पर्ला । म जातिवादी दृष्टिकोण राख्ने मान्छे हुँ । देशको शासनव्यवस्था जातिवादी भएकोले त्यो ममा मिश्रित भएर आयो । यो दृष्टिकोण राज्यको शासनप्रणालीले दिएको हो । ब्राह्मणले

बोल्ने भाषा नेपाली, मैले बोल्ने भाषा 'मगर कुरा' भनिन्छ । अहिलेसम्मको संविधानमा त्यस्तै कुरा छ ।

सीकेजी तराई-मधेसको हुनुहुन्छ । पहाडिया समाजले कुनै बेला इतिहासमा गरेका कामहरू बापत जुन सम्मान, पारितोषिक पायो, त्यो तराईमा बस्नेहरूले नपाएकाले उहाँले पीर मान्नुभयो कि ? त्यसरी प्राप्त विरासतलाई उहाँले समाप्त गर्न चाहनुभयो । त्यसैले, वीर र बहादुरलाई वसन्त विद्रोहले विस्थापित गऱ्यो । तर, म विरासतलाई गाली नगरौं भन्छु । इतिहासलाई माओवादीहरूले पृथ्वीनारायणको मूर्ति ढालेझैं गर्नु उचित होइन । कलकत्तामा पनि चारू मजुम्दारको नक्सलवादी आन्दोलनले ईश्वरचन्द्र विद्यासागरको मूर्ति ढालिदियो । त्यो रिस हो, आक्रोश हो कुनै राष्ट्रियता होइन भन्ने हो भने त्यसविरूद्ध मेरो भन्नु केही छैन ।

सोचपत्रमा दुइटा पदावली राज्य-राष्ट्र (स्टेट नेशन) र राष्ट्र-राज्य (नेशन स्टेट) प्रयोग भएका छन् । यो मलाई स्पष्ट भएन । त्यसमाथि राष्ट्र-राज्य राजा महेन्द्रसँग गाँसिएको छ । मेरो जिज्ञासा, राज्य-राष्ट्र कोसँग गाँसिन्छ ? अर्को, सीकेजीले समावेशीलाई सामेली भन्नु भएको छ । यसमा मेरो सानो सुझाव छ । हामीकहाँ बच्चाहरूको पछिल्लो नाउँ (थर) बाबुको थरबाट राखिन्छ, जसले गर्दा अर्धांगिनी भनिने अर्को पक्षको अस्तित्व त मासियो नि । यसलाई कसरी सामेली भन्ने ? 'बसुधैव कुटुम्बकम्' यदि मान्ने हो भने हामीले एकअर्काको समुदायसँग विवाह गर्नुपर्छ र नयाँ पुस्ताको थर नेपाली राख्नुपर्छ । तब न सामेली होला ।

राष्ट्रियता र राष्ट्र भावपरक कुरा हुन् । राजनीतिक विचारमा राष्ट्रियता हुँदैन, त्यो त इतिहास, जाति, संस्कृतिमा हुन्छ । ठाउँविशेष, जातिविशेषले पनि केही प्रभाव पार्छ । त्यसैले, यस्तो विषयमा लेख्ने काम सीके लाललाई मात्र नदिएर अरूलाई पनि दिनुपर्छ । यो मेरो सुझाव हो ।

## ७ गोविन्दराज जोशी, नेपाली काँग्रेस

सीकेजीको यो सोचपत्रलाई आलोचना गर्ने धेरै ठाउँ छैन । नेपाली राष्ट्रियताको सन्दर्भमा पुराना कुरा होइन, नयाँ आयामको खोजी हुनुपर्ने उहाँको तर्क छ । तर, राष्ट्रियता कमजोर हुनुका नकारात्मक कारण र पक्षलाई बढी महत्व दिइएको छ । कमजोर अवस्थामा रहे पनि नेपाल बाँचेको छ । केही सकारात्मक पक्ष र कारणले

गर्दा नै यो बाँचेको हो । ती पक्ष पनि सोचपत्रमा आउनुपर्थ्यो । चाहे त्यो पृथ्वीनारायणको होस् या जंगबहादुरको होस् या जयस्थिति मल्लको होस् सबैका सकारात्मक र नकारात्मक पक्षलाई उत्तिकै स्थान दिइएको भए राम्रो हुने थियो ।

नेपाली, नेपालीय जे भने पनि यसको परिभाषा स्पष्ट हुनु जरुरी छ । राष्ट्रियता भनेको के हो भन्ने स्पष्ट पार्न सकिएमा मात्र राष्ट्रियता बलियो हुन्थ्यो जस्तो लाग्छ । राष्ट्रियता भनेको यहाँ बस्ने जनता, भूगोल, संस्कृति या के हो ? नेपालको भूगोल मात्र हाम्रो राष्ट्रियता हो कि, यहाँका जनता राष्ट्रियता हुन् कि ? अथवा यहाँको सामाजिक, सांस्कृतिक परिवेश राष्ट्रियता हो ? यो अन्योल छ । नेपाली राष्ट्रियताको बुझाइमा धेरै विविधता छ । दक्षिणपन्थीहरूको राष्ट्रियताको परिभाषामा दौरा, सुरुवाल, टोपी या पगोडा शैलीको वास्तुकला पर्‍यो । र, विगतमा एउटा निश्चित स्वरूपलाई लादियो । त्यस्तै, वामपन्थी खेमाका राजनीतिज्ञ या विद्वान्‌हरूको सोचाइमा बढ्ता भारतविरोधी कुरा गर्‍यो भने त्यो राष्ट्रवादी भयो । सुगौली सन्धिले नेपाललाई एउटा भूगोल दियो, तर यो राष्ट्र बनेन भन्दा बीपी विवादमा पर्नुभयो । उहाँमाथि औंला उठाइयो । बीपीको भनाइमा राष्ट्रियता भनेको जनताको भावनासँग, अधिकारसँग सम्बन्धित कुरा हो । जनअधिकार नहुँदा राष्ट्र बन्न सक्दैन भन्ने उहाँको धारणा थियो ।

नेपालीय या नेपालीपन जे भनौं त्यो भावनामा एकरूपता, बन्धुत्व, सहयोगिता कसरी सृजना गर्ने ? अनि त्यसका आधारहरू के हुन् ? यद्यपि, सोचपत्रमा सीकेजीले धेरै कुरा उल्लेख गर्नुभएको छ, जस्तो नाम, भाव, प्रतीक, आदि । तर, राष्ट्रियताको मुख्य तत्व जनता हो कि ? सामाजिक सांस्कृतिक जे कुरा गरौं, जनताका अगाडि उपस्थित समस्या अर्को तत्व हो कि ? अथवा त्यो समस्या गुरूङ, मगर, मधेसी, पहाडी सबैले मिलेर समाधान गर्ने प्रयत्न अर्को तत्व हो कि ? नेपालभित्र बस्ने, नेपाली हौं भन्ने भावना भएका मान्छेहरूबीचको एउटा सामूहिक प्रयत्नले, एकताको भावनाले नै नेपालको राष्ट्रियतालाई बलियो बनाउँछ भन्ने मलाई लाग्छ । ती तत्वहरूलाई हामीले प्रोत्साहित गर्न सक्यौं भने नेपालको राष्ट्रियता बलियो हुन्छ ।

अहिले हामी नयाँ संविधान निर्माण गर्न लागिपरेका छौं । विगतलाई हेर्ने हो भने यसअघिका प्रायः सबै संविधान सहमतिका दस्तावेज हुन् : चाहे त्यो २००७ सालको अन्तरिम विधान होस् या २०४७ को संविधान । २०१९ सालमा महेन्द्रले आफूमा अन्तरनिहित शक्ति भनेर राजनीतिक निर्णय गरेका हुन् । २०६३ सालको अन्तरिम

संविधान जनआन्दोलनको भावनाको नाममा सात राजनीतिक दल र माओवादीको सहमतिको दस्तावजेको रूपमा आयो । संविधानसभाले उसको पहिले तोकिएको दुई वर्षे कार्यकाल अर्थात १४ जेठ २०६७ भित्रै संविधान बनाउन सकेको भए त्यो जनताबाट निसृत हुन्थ्यो । विवाद पनि धेरै हुन्नथ्यो होला । तर समयमै नबनेपछि आउने संविधानमा के कति विवाद, सहमति हुन्छ त्यो अहिल्यै भन्न सकिन्न । त्यसैले अहिले नेपालका मुख्य खेलाडी जो सुकै भए पनि जनतालाई बलियो बनाउने आधार निर्माण गरिएन भने राष्ट्रियता बलियो हुँदैन । यो काममा आजसम्म नलाग्दा, हाम्रो अकर्मण्यताले गर्दा नै विदेशी हस्तक्षेप भएको हो । दलहरूको अकर्मण्यताले गर्दा सेनाको भूमिका बढ्दै गएको छ । एनेकपा (माओवादी) ले तत्कालीन सेना प्रमुख रूक्मांगद कटवाललाई कारबाही गर्दा २२ दल राष्ट्रपतिका पक्षमा लागे र कारबाही उल्टियो । किन त्यसो भयो ? के सेनाको भूमिका बढ्दा, विदेशीको हस्तक्षेप बढ्दा लोकतन्त्र बलियो हुन्छ ? जनता बलिया हुन्छन् ? नेपाली राष्ट्रियतालाई बलियो बनाउने हो भने यी सबै कुरा विश्लेषण गर्नु जरूरी छ ।

नेपालको आत्मा भनेको जनता नै हुन् । जनता कमजोर पार्दै जाने अनि भाषागत र सैद्धान्तिक रूपमा मात्रै परिवर्तन खोज्दा शब्दमा जे लेखे पनि केही हुन्न । जनता बलियो नभै देश बलियो हुँदैन, राष्ट्रियता बलियो हुँदैन । जनतालाई बलियो बनाउने राजनीतिक पद्धति भनेको लोकतन्त्र नै हो । यसलाई संस्थागत गर्न सकियो भने, पद्धति निर्माण गर्न सकियो भने जनता बलिया हुन्छन्, राष्ट्रियता बलियो हुन्छ ।

## ८ चक्रप्रसाद बाँस्तोला, नेपाली काँग्रेस

राष्ट्रियता, राष्ट्रवाद अथवा राष्ट्रको समेत परिभाषा विभिन्न युगमा परिवर्तन हुँदै आएको पाइन्छ । सन् १९६० को दशकपछि समाजशास्त्रीय, मानवशास्त्रीय सिद्धान्तहरू पनि राजनीतिशास्त्र, राजनीतिक सिद्धान्त र दर्शनमा मिसिएकाले राजनीतिका धेरै अवधारणामा परिवर्तन आएका छन् । नयाँनयाँ सिद्धान्तका आधारमा व्याख्याहरू हुन थालेका छन् । पहिले व्यक्तिको आधारमा, कुनै समुदाय, जाति या कुनै स्थानविशेषको आधारमा राष्ट्रियता परिभाषित हुन्थ्यो । त्यसलाई विस्तारै मार्क्सवादी बुझाइका आधारमा आर्थिक सिद्धान्तमा ढालियो । अहिले पहिचानको कुरामा आइपुगेको छ । यहाँ मात्र भैरहेको कुरा होइन यो, संसारभरि नै भैरहेको छ ।

राष्ट्रियताका सन्दर्भमा यो सोचपत्रमा खासगरी दुइटा सन्दर्भ बिन्दु (रेफरेन्स प्वाइन्ट) लिइएको छ । एउटा २०४७ सालको संविधान र अर्को पछिल्लो जनआन्दोलन एवं अब बन्ने संविधान । राष्ट्रियताको, लोकतन्त्रको हिजोको परिभाषा साँघुरो र अपर्याप्त भएको छ र पुनःपरिभाषा जरुरी भएको छ । किनभने अपेक्षा र आवश्यकताहरूको सीमा विस्तारित भएको छ । लोकतन्त्रको पुरानो परिभाषाको आवधिक चुनाव, संगठन गर्ने अधिकारले मात्र अब पुगेन । आर्थिक स्वतन्त्रताले पनि पुगेन । अब पहिचान पनि चाहियो । तर पहिचान भनेको के हो ? त्यसमाथि नेपाली पहिचान भनेको के हो ? के हो नेपाली ? को हो नेपाली ? अन्यत्र पनि यो समस्या छ, अमेरिका र भारतमा पनि यो समस्या रहेछ । त्यसैले यो सामयिक, ज्वलन्त मुद्दा हो ।

हामीले जुन लोकतन्त्रको, व्यक्तिको, राज्यको, नागरिकताको कुरा गरिरहेका छौं या आइरहेका छन्, यो वैश्वीकरणले ल्याएका परिवर्तनहरू हुन् । र, जुन मार्टिन चौतारीले राष्ट्रियताबारे सृजनात्मक बहस आरम्भ गरेको छ, यो निकै कठिन र चुनौतीपूर्ण काम हो । किनभने एकातर्फ हामी संसार एउटै हो भनेर गैरहेका छौं; अन्तराष्ट्रिय संगठनहरू, कानुनहरू, आर्थिक वैश्वीकरण, दूरसञ्चार आदिले संसारलाई एउटा सानो गाउँ बनाइरहेको छ । तर, परिभाषा त हामी राष्ट्रिय गरिरहेका छौं । यो निश्चय नै अप्ठेरो कुरा हो ।

आज राष्ट्रको पुनःपरिभाषा, राज्यको पुनःसंरचना गर्नुपर्ने भएको छ । त्यसले राज्य र व्यक्तिको सम्बन्धलाई पुनःपरिभाषित गर्ने समय भइसकेको पुष्टि गर्छ । स्थापित परिभाषाहरू मात्र अपुग र साँघुरा भएका होइनन्, संस्था र संरचनाहरू पनि अपर्याप्त भएका छन्; चाहे त्यो राजनीतिक दलको कुरा गरौं या विधायिका, न्यायालयको कुरा गरौ । पुराना परिभाषा र संरचनाले अहिलेको सन्दर्भ, आवश्यकतालाई सम्बोधन गर्न सकेका छैनन् । राजनीतिक दलकै कुरा गर्दा लोकतन्त्रका लागि दलहरू नभैनहुने तत्व हुन्, तर अहिलेको परिवेशमा कैयन् मुद्दाहरू दल तथा सरकारसँग सोझै सम्बन्ध राख्दैनन् । यस मानेमा राजनीतिक दल मात्र होइन, अन्य संस्था, समुदाय र व्यक्तिको पनि अधिकार क्षेत्र विस्तृत भएको छ ।

अहिले हामी संविधान बनाउँदै छौं । लोकतान्त्रिक अभ्यास गर्दैछौं । तर, यसो गर्दैगर्दा भविष्यमुखी कानुन बनाउन, लागू गर्न मिल्छ कि मिल्दैन ? भोलिको पिँढीलाई असर गर्ने कानुन बनाउने अधिकार अहिलेको पिँढीलाई छ कि छैन ? हिजो बनाएको कुरा आजको पिँढीले स्वीकार्छ, स्वीकार्दैन ? यस्ता थुप्रै सवाल छन् । हिजोको लोकतन्त्रमा दल खोल्न पाउने, बोल्न पाउने, मत दिने, आफ्नो नेता चुन्ने, आदि

अधिकार थियो । तर अहिले यसमा परिवर्तन आएको छ । मैले चुन्ने प्रतिनिधिलाई म सबै अधिकार दिनै चाहन्न, सीमित अधिकार मात्र दिन चाहन्छु, किनभने मेरो सम्पूर्ण प्रतिनिधित्व गर्ने क्षमता, योग्यता उसले राख्छ भन्नेमा म विश्वस्त छैन । त्यसकारण, म व्यक्तिको रूपमा अथवा नागरिकको रूपमा सबै अधिकार प्रत्यायोजन गर्न सक्दिनँ, चाहन्नँ । अब त्यस्तो प्रतिनिधित्वको विधि, प्रक्रिया के हुने ? नयाँ चुनौती हो यो । त्यस्तै, अब राज्य या सरकारको व्यक्तिसँग, संगठित समूहसँग, राजनीतिक दलसँग, असंगठित समुदायसँग, जातीय समूहसँग, धार्मिक समूहसँग सम्बन्ध कस्तो हुने, हैसियत कस्तो हुने र राज्यले उनीहरूलाई कसरी लिने भन्ने नै अहिलेको अर्थमा राज्यको पुनःसंरचना हो । हिजोको राज्यले बेग्लै रूपले हेर्थ्यो; आज त्यो धेरै कारणले स्वीकार्य छैन ।

नेपाली राष्ट्रियताकै कुरा गर्दा अहिलेसम्म हामीले सम्भ्रान्त वर्ग र शासक वर्गकै परिभाषालाई पछ्याइरहेका छौं । तर, अब त्यो स्वीकार्य छैन भन्ने कुरा आएको छ र पुनःपरिभाषित गर्नुपर्ने आवश्यकता देखिएको छ । अहिले पहिचानको कुरा गर्दा जाति-जनजाति, महिला, दलित, मधेसी लगायतकालाई मात्रै बुझ्ने गरेका छौं । त्यो भित्रका समूहहरू पनि त्यहाँ पर्छन् । असंगठित समूह पनि पर्छन् । त्यस्ता खालका पहिचानले पनि राज्यसँग आफ्नो पहिचान र स्वीकृति खोजेको छ । राज्य पुनःसंरचना हुँदै गर्दा यी कुरालाई सम्बोधन गर्नु जरूरी छ । यी तमाम कारणले गर्दा पुनःसंरचना कठिन कार्य हो, र त्यसैले सोचपत्र विवादयुक्त पनि हुने नै भयो । यसमा सरकारको, कार्यकारीको, विधायिकाको, भाषिक नीतिको कुरा गरिएको छ, र यसलाई खुला पनि भनिएको छ । तर यहाँ कतिपय मुद्दामा सुझावहरू पनि छन् । त्यसले अलिकति अन्योल सृजना गरेको छ । समस्या सृजना गर्छ भन्ने डर पनि छ ।

संक्षेपमा भन्नुपर्दा यो सोचपत्र सर्वथा नयाँ र हिम्मतिलो छ । अमेरिकी पहिचानबारे स्यामुअल हन्टिङटनको *हु आर वी* अनि सुनिल खिलनानीको *दि आइडिया अफ इण्डिया* भन्ने किताब हालै लेखिएका हुन् । त्यसैले यहाँ उठाइएको विषयवस्तु उठाउन ढिला भएको छैन । सोचपत्रमा विभिन्न अवधारणाहरू प्रयोग भएका छन्, जुन सामाजिकशास्त्र (अथवा राजनीतिशास्त्र) बाहेककाहरूलाई बुझ्न गाह्रो हुन्छ । त्यस्तै, कतिपय प्रचलित भैसकेका शब्दावलीभन्दा भिन्न शब्दहरूको प्रयोग भएको छ । यसो गर्दा कि सबैले बुझ्ने नेपालीमा हुनुपर्थ्यो, कि सर्वस्वीकृत राजनीतिक अथवा समाजशास्त्रीय शब्दावली प्रयोग गर्नुपर्थ्यो । तसर्थ, शब्दावलीको प्रयोग र कताकता त्यसलाई सैद्धान्तीकृत गर्ने कार्यले केही क्लिष्टता ल्याएको छ ।

सोचपत्रमा मानव संसाधन, प्राकृतिक स्रोत, आर्थिक स्रोतको कुरा पूरै छुटेको छ । राष्ट्रियतासँग अर्थतन्त्र गाँसिएर आउँछ । त्यस्तै, एसियाको पुनरूत्थानको कुरा कतै उल्लेख छैन । उपनिवेशविरोधी आन्दोलनहरू – जसलाई राष्ट्रियताको पुनरूत्थान पनि भनिन्छ – बारे पनि उल्लेख भएको छैन । यस्ता कुरा समावेश गरिएमा सोचपत्र थप स्वीकार्य र स्पष्ट होला ।

## ९ चन्द्रकिशोर, पत्रकार

सीके लाललिखित सोचपत्रले नेपाली राजनीतिक, सामाजिक वृत्तमा तरंग सृजना गरेको छ । राष्ट्रियता शब्द नेपाली राजनीतिमा धेरै खर्च गरियो, यो शब्द बोक्नमा नेपाली साहित्य पनि पछि परेन । तर राष्ट्रियताले समष्टिमा सँगाल्नुपर्ने समग्र भावहरूलाई यी प्रयत्नहरूमा जोड्न सकिएको छैन । त्यसैले, राष्ट्रियता अझै पनि व्यापक बहसको विषय रहेको छ ।

केही खास जातिविशेष आफूलाई देशभक्त ठान्ने र अरूको देशभक्तिमाथि औंला उठाउने; मातृभाषा र भूमिप्रतिको अधिकार खोज्दा विखण्डन ठान्ने; खास थरको हुँदैमा उनीहरू राष्ट्रप्रति जिम्मेवार भइहाल्ने; कुनै खास थरलाई राष्ट्रप्रति बेइमानहरूको समूह मान्ने; एउटा भाषिक उत्पत्तिकै कारण राष्ट्रप्रति बफादार ठान्ने, अर्को भाषीलाई सन्दिग्ध दृष्टिले हेर्ने द्वैध मानसिकता यहाँ छ । किन एउटा खास सांस्कृतिक समूहको देशभक्ति एवं राष्ट्रप्रतिको जिम्मेवारीमाथि प्रश्न उठाइन्छ ? यो प्रश्नको छातीमाथिबाट देश नगुज्रीकन अब अगाडि बढ्न सक्दैन ।

२०६३ सालको मधेस विद्रोहले राष्ट्रियतालाई पुनःपरिभाषित गर्नुपर्ने स्थिति पैदा गरायो । एउटा विराट विद्रोहले मूलधारसँग जोडिन आफ्नो पहिचानका साथसाथै मूल पहिचानको समेत माग गर्‍यो । यो विद्रोहमार्फत आम मधेसीहरूले नेपाली भूगोलभित्र मधेसीका रूपमा सम्मानपूर्वक चिनिनुका साथै स्वाभिमानी नेपाली नागरिक हकको समेत दाबी गरेका थिए । पहिचानको राजनीतिमा यसले मध्यमार्गी धार स्थापित गर्‍यो । त्यही कुरा न श्रीलंकामा तमिलहरूले गराउन सके, न पाकिस्तानमा बलुचीहरूले ।

सीके लालले भनेझैं राष्ट्रियता संवर्द्धनका लागि मधेस विद्रोहको पाठ यस अगाडिका सबै राजनीतिक आन्दोलनभन्दा नितान्त भिन्न यस अर्थमा मान्न सकिन्छ

कि अब 'नेपाली' हुनलाई सांस्कृतिक नेपाली भएर जन्मनुपर्ने वा कृत्रिम रूपमा भए पनि बन्नैपर्ने बाध्यता समाप्त भएको छ । अब कसैले पनि 'म पनि नेपाली नै हुँ' भन्ने साबित गरिरहनु पर्दैन, ऊ त्यस्तो व्यक्ति होइन भन्ने प्रमाण प्रस्तुत गर्ने जिम्मेवारी आक्षेप लगाउनेको हो ।

आफ्नो मौलिक सोचपत्रमार्फत सीकेजीले केही नवीन तर अपरिहार्य तत्वहरू उठान गर्नुभएको छ, जसको उपेक्षा गरेर न नेपाली समाज उँभो लाग्न सक्छ न राजनीति नै अग्रगमनको गोरेटोमा हिंड्न सक्छ । त्यसकारण उहाँले प्रस्तुत गरेका आधारभूत मान्यताहरूमाथि खुला एवं स्वस्थ बहस हुनुपर्छ । ऐतिहासिक पक्षहरूको विश्लेषणमा उहाँको पृष्ठभूमिले गर्दा असहमत हुने पक्षहरू आउन सक्छन्, तर सारमा उहाँले उठान गरेका पक्षहरूलाई अब उपेक्षा गर्न सकिँदैन ।

## १० जयप्रकाश गुप्ता, मधेसी जनअधिकार फोरम

एउटा कुरा प्रस्ट छ, नेपालमा एउटै राष्ट्रियता छैन । मूलतः नेपाल बहुराष्ट्रियताकै मुलुक हो, जसलाई आजसम्म मानिएको थिएन । संविधानसभाको माग उठेको साठी वर्षपछि पनि यो कुरालाई संविधानसभाले मानेको देखिँदैन । सीकेजीको यो सोचपत्रले राष्ट्रियताबारे सार्थक बहसको शुभारम्भ गरेको छ र मार्टिन चौतारीले पनि यस्तो जटिल विषयमा छलफल अगाडि बढाएर राम्रो गरेको छ ।

नेपालका धेरै स्थापित मान्यताहरू अहिले विखण्डित भइसके । राष्ट्रियतासम्बन्धी धेरै प्रकारका सोचहरू पलाइसके । शास्त्रीय रूपमा विकसित हुँदै आएका मान्यताहरू अहिले अस्वीकार्य भइसके । राजतन्त्र गयो, गणतन्त्र आयो । एकात्मवादी शासन व्यवस्थाको स्थानमा संघीयताको शासन व्यवस्थाको स्थापना हुँदै छ । भाषाका सम्बन्धमा पनि परिवर्तन आएको छ । राष्ट्रियताले अहिले पुनर्व्याख्या खोजेको छ । परम्परागत राष्ट्रियताको ठाउँमा अब नयाँ प्रकारको राष्ट्रियता, सामेली/समावेशी राष्ट्रियता र साझेदारहरूको चाहनाअनुसारको राष्ट्रियताले स्थान पाउनुपर्दछ । तर यी कुरा संविधानसभामा, संविधान निर्माण प्रक्रियामा परावर्तन (रिफ्लेक्सन) भएका छन् कि छैनन् ? प्रकारान्तरले पुरानै महेन्द्रपथीय राष्ट्रियतालाई नै नयाँ रूपमा स्थापित गरिरहेका छौं कि ? यसबारे गम्भीरतापूर्वक सोच्नु जरूरी छ ।

संविधानसभाले यी सबै विषयमा छलफल गर्दै गर्दा यहाँका मुख्य राजनीतिक पक्षहरूको उल्लिखित विषयहरूमा दिशा र दृष्टिबारे एकफेर हेरौं । संविधानसभाको ठूलो दल एकीकृत नेकपा (माओवादी) उसको दर्शनसँग अथवा उसको रणनीतिसँग मिल्दोजुल्दो राज्य प्रणाली कायम होस् भन्ने चाहन्छ । र, त्यसको साथै एथनिक, जसलाई सोचपत्रमा जनीय भनिएको छ, राज्यहरू भएको संघीय संरचनाको पक्षमा ऊ छ । नेपाली काँग्रेस र नेकपा एमाले एउटै कित्तामा छन् जस्तो मलाई लाग्छ । उनीहरू यस्तो राज्य संरचना चाहन्छन् जसमा पहिलो कुरा त उनीहरूको दलीय वर्चश्व कायम होस् । दोस्रो, भोलिको शासन प्रणालीमा जातीय वर्चश्व पनि कायम होस् । जनजाति र मधेसी पक्षको सोच जे जस्तो भए पनि संविधानसभामा त्यो अभियानमुखी मात्रै छ । ठूला दलहरूले जुन एजेण्डा बनाएका छन् तिनमा प्रतिक्रिया व्यक्त गर्ने काममै यिनीहरूको भूमिका सीमित छ । उदाहरणका लागि, आदिवासी जनजाति महासंघको अध्यक्षसमेत रहेका व्यक्तिले आफ्नो एजेण्डाको सानो अंश पनि राख्न नसकी नेकपा (एमाले)को एजेन्डाको पक्षमा बोले । अर्को दुखद् उदाहरण : संविधानसभाका ११ ओटा विषयगत समितिले संविधानसभामा आफ्ना मस्यौदा पेस गरे । ती समितिका प्रतिवेदनमा मधेसका राजनीतिक दलमध्ये एउटाको अध्यक्षले मात्र बोले । त्यस्तै, शासकीय स्वरूपको निर्धारण समितिमा ६०१ सभासदमध्ये १५७ जनाले आफ्नो अभिमत राखे । तीमध्ये मधेसी दलबाट जम्मा ३ जनाले बोले । तसर्थ, यी उदाहरणबाट रूपान्तरणको पक्षमा उभिएकाहरूको दिशाहीनता र कार्यहीनता प्रस्ट हुन्छ ।

यस सोचपत्रमा नेपालीपन काम लाग्दैन, म नेपाली भन्ने धारणा व्यावहारिक छैन भन्ने जुन तर्क गरिएको छ, जुन सारलाई सम्प्रेषित गर्न खोजिएको छ, वास्तवमा मेरो विचारमा, यसको ठीक उल्टो व्यवस्थापन संविधानसभामा भैरहेको छ । चलनचल्तीमा रहेकै नेपालीयता/राष्ट्रियताको विकास, प्रवर्द्धन र त्यसलाई संवैधानिकताको आवरण पहिऱ्याउने काम भइरहेको छ । उदाहरणको लागि, अहिले शासकीय संरचनाबारे जुन बहस चलेको छ, र बहसमा काँग्रेस र एमालेजस्ता पार्टीले जुन अडान लिएका छन्, त्यसको उद्देश्य नै पुरानो राष्ट्रियताको भावनाबाट ओतप्रोत भएको शासकीय संरचनाको वर्चश्व होस् भन्ने हो । त्यहाँ वेस्ट मिनिस्टर प्रणालीको पुनरावृत्ति गर्न खोजिँदैछ, अर्थात् पुरानै राष्ट्रियताको सोच स्थापित हुँदैछ ।

त्यस्तै, प्रतिनिधित्व प्रणाली – जसमा प्रत्यक्ष निर्वाचन प्रणाली र समानुपातिक प्रणालीको विवाद छ – को कुरा गर्दा त्यहाँ पनि २०४७ सालको संविधानले जुन

निर्वाचन क्षेत्रको व्यवस्था गऱ्यो, त्यसकै हुबहु प्रतिस्थापनको मान्यता मुख्य राजनीतिक दलहरूले बोकेका छन् । त्यस्तो व्यवस्थाको भुक्तभोगी हौं हामी । २०५ संसदीय निर्वाचन क्षेत्र भएको पुरानो व्यवस्थामा मधेसका २० जिल्लामा ८८ निर्वाचन क्षेत्र थिए । त्यो यस्तो निर्वाचन प्रणाली थियो कि नाभीदेखिको बल लगाउँदा पनि ३८ प्रतिशत मधेसीहरूको प्रतिनिधित्व १९ प्रतिशतमाथि कहिल्यै पुगेन । दलितको उदाहरण त अझ खराब रह्यो । २०४८, २०५१ र २०५६ सालका तीनओटा आम निर्वाचनमा जम्मा एकजना मात्र दलित निर्वाचित हुन सके । जनजातिको हकमा थोरै भिन्न स्थिति रह्यो, किनकि भौगोलिक निर्वाचन क्षेत्रको अर्को विकल्प थिएन । तसर्थ, प्रतिनिधित्व प्रणालीबारे संविधानसभा जे काम गर्दैछ, त्यसको परिणाम पुरानै राष्ट्रियतालाई प्रवर्द्धन गर्ने मानसिकताको प्रतिस्थापन हुनेछ । र, त्यसलाई संवैधानिक रूपले स्थापित गर्ने प्रयास भैरहेको छ ।

राज्य पुनःसंरचना समितिको बैठकमा भएको लामो बहसमा सहभागी हुँदा मैले मिथिलाको एउटा भनाइ 'पञ्चेइती मानबेइ गच्चा गडबे रखते'सँग गैरमधेसी समाजको व्यवहार ठ्याक्कै मिल्दोजुल्दो पाएँ । उक्त भनाइको अर्थ हुन्छ : एउटा खम्बाको विषयमा विवाद हुन्छ । पञ्चायत बस्छ । खम्बा गाड्नेले यो गाडेर मैले गलत काम गरेको हुँ भन्ने स्वीकार्छ । तर, पञ्चायत सकिएपछि पनि खम्बा जहाँको तहीँ रहन्छ । राज्य पुनःसंरचना समितिको लामो छलफलका क्रममा मैले गैरमधेसी सभासद्हरू त्यस्तै पाएँ : गल्ती भएको हो भन्ने स्वीकार्ने, तर गल्ती सुधार्न नखोज्ने । अहिले संघीयताको सन्दर्भमा राज्य पुनःसंरचनाको जुन खाका आयो त्यसले प्रस्ट रूपमा नेपालमा मूलतः दुई किसिमको राष्ट्रियता छ भन्ने देखाएको छ– पहाडी राष्ट्रियता र मधेसी राष्ट्रियता । यसका अरू हाँगाबिँगा हुन सक्छन्, तर मुलभूत रूपमा दुइटा नै हो । प्रस्तावित राज्य पुनःसंरचनाको ढाँचामा पहाडीय संरचना कुनै न कुनै हिसाबले संरक्षित भएकै छ । र, मधेसमा जहाँ मधेसीको वर्चश्व हुनुपर्ने हो त्यहाँ सबै पार्टी मिलेर मधेसीहरूको वर्चश्व कायम हुन नसक्ने गरी खाका बनाउन लागिपरेका छन् ।

संविधानसभाका ११ समितिमध्ये राष्ट्रिय हितको संरक्षण समितिसँग राष्ट्रियताको बहसको सम्बन्ध छ । तर यो समितिले रमाइलो दृष्टान्तलाई निरन्तरता दिएको छ, जुन दृष्टान्त कुनै न कुनै रूपमा नेपालको वैधानिक कानुन, २००४ मा उल्लेख भएको छ, यद्यपि सबै होइन । पद्म शमशेरका समयमा आएको उक्त संविधानमा राष्ट्रियता र राष्ट्र-हितको निर्धारक केही तत्वहरूको उल्लेख छ । त्यसको निरन्तरता नेपालको

अन्तरिम शासन विधान, २००७ मा आयो । त्यसैको विकसित रूप नेपाल अधिराज्यको संविधान, २०१५ मा आएको छ । नेपाल अधिराज्यको संविधान, २०१९ मा त यो थप विस्तारित भयो । त्यहाँ धेरै उपशीर्षकमा राष्ट्रको परिभाषा, नागरिकताको परिभाषा, राष्ट्रियता, राष्ट्र गान, राष्ट्रिय झण्डा, आदि निर्माण गरिए । रमाइलो त के छ भने सोचपत्रमा गणतन्त्रउन्मुख भनिएको २०४७ सालको संविधानमा यी धेरै कुराहरूले पूरै निरन्तरता पाए । अनि २०४७ सालको संविधानमा जुन विषयवस्तु र पंक्ति छन्, ती पंक्तिलाई २०६३ सालको अन्तरिम संविधानमा हुबहु नक्कल गरिएको छ ।

एमाओवादीको नेतृत्वमा रहेको राष्ट्रिय हित संरक्षण समितिले राष्ट्रिय हितका केही निर्धारक तत्वहरूको उल्लेख गरेको छ । ती तत्वमा मुलुकका निर्माताहरू (अमरसिंह, बलभद्रलगायत); मुलुकका व्यक्तित्व र आदर्शहरू; प्रभुत्वकारी समूहका स्वार्थहरू; विद्यमान संरचना; समाजको रीतिरिवाज; सांस्कृतिक शैली; राष्ट्रको विचारधारा – त्यो भनेको के हो ? – र भौगोलिक अवस्थिति उल्लेख छ । त्यस्तै, राष्ट्रिय हितको परिभाषा गर्दा नेपालको प्राचीन सभ्यता, संस्कृति; आर्थिक, सामाजिक, ऐतिहासिक एवं भौगोलिक पृष्ठभूमिलाई मध्यनजर राख्दै सार्वभौमसत्ता र राष्ट्रिय अखण्डताको रक्षा; राष्ट्रिय एकता र राष्ट्रिय सम्मानको अभिवृद्धि; राष्ट्रिय सुरक्षा र राजनीतिक स्थिरता; पुरातात्विक एवं प्राकृतिक सम्पदा तथा विविध लोपोन्मुख जाति, जनजाति, भाषा, धर्म, संस्कृतिको संरक्षण एवं संवर्द्धन; आदि कुराहरूको पृष्ठपोषण गर्दै, स्वतन्त्रता र स्वाभीमानको रक्षा र पहिचान कायम गर्नु नै राष्ट्रिय हित हो भनेर उल्लेख गरिएको छ । यो मस्यौदाकै भाषा हो, र माथि उल्लेख गरिएझैं विगतकै निरन्तरता हो ।

राज्य रूपान्तरणको मुख्य मुद्दामा यो सोचपत्र आएको छ । र, यसले जुन दिशातर्फ संकेत गरेको छ त्यसलाई व्यवस्थित गर्न सकिएन भने पुरानै कुराले निरन्तरता पाउनेछ । संविधानसभाले यहाँ उठाएका विषयलाई ग्रहण गर्नुपर्ने हो, तिनमा बहस, छलफल गर्नुपर्ने हो, तर यी कुराहरू संविधानसभाको छलफलसम्म पुग्छ भन्नेमा मलाई शंका छ । वास्तवमा मलाई जिज्ञासा छ, संविधानसभाले आफ्नो काम गरेयता विद्वत्जन, विज्ञहरूबाट जति पनि राय सल्लाह दिइएका छन् ती संविधानसभामा कहाँनेर अभिव्यक्त भइरहेका छन् ? लामा लामा गृहकार्य भएका छन्, अनेकन विषयमा जुन छलफलहरू भइरहेका छन्, तिनको सारलाई संविधानसभाको यान्त्रिक संरचनाले कसरी आत्मसात् गरेको छ, मैले बुझ्न सकेको छैन ।

## ११ झलक सुवेदी, राजनीतिक विश्लेषक

सोचपत्रको लेखनशैली घुमाउरो पाराको छ । अलि घोरिएर पढ्नुपर्ने हुन्छ । तर, समग्रमा सोचपत्र अत्यन्त राम्रो छ, सबै सन्दर्भलाई व्यवस्थित रूपले उल्लेख गरिएको छ । अहिलेको डिस्कोर्सलाई थप अगाडि लग्न लेखकले पर्याप्त सम्भावनाहरू कोट्याइदिनुभएको छ । छलफलमा लानुपर्ने थुप्रै विषयलाई अगाडि ल्याइदिनुभएको छ ।

नेपालको सन्दर्भमा एकथरी जनजातिले भन्ने गरेको पहाडी उच्च खस जातीय अहंकारयुक्त नेपाली राष्ट्रवादको परम्परागत परिभाषालाई उहाँले विनिर्माण गर्नुभएको छ । तर निर्माण गर्न खोजिएको डिस्कोर्सलाई प्रस्टसँग राख्न सकिएको छैन । सम्भवतः उहाँले प्रयोग गरेको भाषा, शब्द, शैली आदिका कारण पनि यसो भएको हुन सक्छ । यसले विचार सम्प्रेषणमा अलि अप्ठेरो हुन्छ भन्ने मलाई लाग्छ । सीकेजीको प्रस्तुतिप्रति समग्रमा सहमति जनाउँदै मेरा केही जिज्ञासा र सुझाव मात्र यहाँ राख्न चाहन्छु ।

भाषाका सन्दर्भमा भन्नुपर्दा 'सन्ध्याकालीन भाषा'को बढी प्रयोग भएको छ । उदाहरणका लागि, नेपालको सन्दर्भमा संसदीय व्यवस्था उपयुक्त होइन भन्ने एउटा वाक्य छ, अनि तुरुन्तै 'तर यसको मतलब बेठीक हो भन्न खोजेको पनि हैन' भनिएको छ । यसलाई प्रस्ट पार्न जरुरी छ । अर्को, अन्तर्राष्ट्रिय स्तरमा नाम चलेका समाजशास्त्री तथा मानवशास्त्रीहरूको सन्दर्भ कोट्याइएको छ तर के सन्दर्भमा, प्रसंगमा के भनेको थियो भन्ने नखुलाइएकाले त्यो बुझ्न गाह्रो हुन्छ । त्यस्तै, पृथ्वीनारायण शाहको खलक, थर गोत्रहरूको मात्रै कुरा गर्दा कविला हुने हो या समग्रमा नेपाली खस, क्षत्रीहरूको पृष्ठभूमिमा जाँदा कविला हुने हो । यसमा प्रस्टता आवश्यक छ ।

नेपालको बहिष्कृत समुदायबारे सोचपत्रमा प्रस्ट पारिएको छैन । जस्तो : मैथिलीभाषी मधेसीले नेपाली पहिचान निर्माण गर्न यो यो चुनौती सामना गर्नुपऱ्यो, अब यसरी जानुपर्छ भनेर स्पष्ट आएको छैन । अन्य जाति जनजातिका सन्दर्भमा पनि उसको राष्ट्रियताको नेपाली पहिचान निर्माण गर्न यो यो गर्नुपर्छ भन्ने खालको कुरा नआउँदा बुझ्न अप्ठेरो हुन्छ । सोचपत्रमा त्रिभाषिक नीति सुझाइएको छ, तर त्रिभाषिक नीति लागू गर्ने प्रशासकीय इकाइ : राज्य वा संघ वा प्रदेश, जिल्ला, गाउँ, नगर कुन हो सो प्रस्ट छैन ।

समग्रमा, आज उठिरहेको राज्य पुनःसंरचनाको, राष्ट्रियताको नयाँ निर्माणको जुन कुरा भैरहेको छ, त्यो भनेको खास भाषा, संस्कृति वा ऐतिहासिकतासहितको भौगोलिक निरन्तरता भएका जातीय समुदायहरूले निश्चित भूगोलमा संगठित भएर आफ्नो भाषा, संस्कृतिको संरक्षण हुने सुनिश्चिततासहित अगाडि बढ्न पाउने अवधारणासहितको पुनःसंरचनाको खोजी हो जस्तो मलाई लाग्छ । त्यसकारण, यो कुरा सोचपत्रमा प्रस्टसँग आयो भने सम्भवतः यो पत्र अहिलेसम्मका डिस्कोर्समध्ये राम्रो, खुराकयुक्त र नयाँ प्रयोग पनि हुनेछ । र, यसले एउटा नयाँ दिशा पनि दिनेछ ।

## १२ डा. देवेन्द्रराज पाण्डे, नागरिक आन्दोलनकर्मी

राष्ट्रियताजस्तो अत्यन्त गहन विषयमा सीकेजीले सोचपत्र लेख्नुभएको छ । त्यसमाथि टिप्पणी गर्न जुन विषयविज्ञता चाहिन्छ, सो ममा छैन । मेरो अध्ययनको क्षेत्र त्यो परेन । तथापि, निरन्तरता र परिवर्तनको लडाइँमा, निरन्तरताको विपक्षमा र परिवर्तनको पक्षमा काम गर्नु कति गाह्रो हुन्छ भन्ने बुझेको नागरिक र नागरिक आन्दोलनकर्मीको नाताले सोचपत्र र त्यसमाथिको बहस, विमर्शसँग आत्मसात् गर्न मलाई सजिलो भयो । साह्रै उपयोगी सोचपत्र लाग्यो ।

नेपालीय शब्द पनि हुन्छ भन्ने मलाई थाहा थिएन । तर सीकेजीले प्रयोग गर्नुभयो, र जुन व्याख्या दिनुभयो, मलाई साह्रै मन पर्‍यो । म काठमाडौंमा हुर्के, बढेको मान्छे । हामी आफूलाई काठमाडौंको कुवाको भ्यागुतो भन्छौं । यहींको संस्कार पाएँ । पछि पढ्न गएँ, पुँजीवादी मुलुक अमेरिका । त्यो पुँजीवादी समाजका कतिपय उदारवादी कुराहरू हाम्रा लागि चाखलाग्दा र ग्रहणयोग्य पाएँ । अमेरिकनहरू नै हुन्, तर त्यहाँ कोही इटालियन अमेरिकन छन्, कोही अफ्रिकन अमेरिकन छन्, कोही आइरिस अमेरिकन छन् । त्यो मेरो कल्पना परको कुरा थियो । एउटा नेपाली मधेसी नेपाली हुनसक्छ, मगर नेपाली हुनसक्छ, गुरूङ नेपाली हुनसक्छ, राई नेपाली हुनसक्छ, दलित नेपाली हुनसक्छ भन्ने त्योबेला (सन् १९६० को दशकमा) मेरो कल्पनामा पनि थिएन । त्यसपछि पनि कल्पनामा थिएन, तर सीकेजीले ल्याइदिनुभएको छ । यो कल्पनालाई साकार पार्ने काम राजनीतिकर्मीको, हामी नागरिकहरूको नै हो । यो सोचपत्रले अहिलेका जटिल मुद्दाहरूलाई पूरै समाधान गर्न होइन, तर रचनात्मक रूपले अगाडि बढ्नका लागि प्रशस्त खुराक दिएको छ । त्यसको हामीले भरपूर उपयोग गर्नुपर्छ ।

हाम्रो एउटा समस्या भनेको राष्ट्रियताबारेको हो । राष्ट्रियता र राष्ट्र-राज्य निर्माण हुनको लागि त्यो राष्ट्र-राज्य भित्र समाहित हुने जुन समुदाय हुन्छ, तिनीहरूको केही न केही मात्रामा साझा (शेयर्ड) अनुभव हुन्छ । साझा इतिहास हुन्छ, जसले गर्दा उनीहरू आबद्ध हुन्छन् । यो पढेको, देखेको र अनुभवजन्य कुरा पनि हो । हामीकहाँ साझा इतिहास भयो या भएन, बहस गर्ने ठाउँ छ । हाम्रो इतिहासका धरोहर मानिएका कुरालाई कसैले रचनात्मक र सकारात्मक रूपले लिन्छन् त कसैले नकारात्मकरूपमा । पृथ्वीनारायण शाहको नियतबारे तथा उनले छाडेर गएको नेपालबारे बहस चलिरहेको छ । इतिहासका विभिन्न चरणमा विभेद भोगेका, भेदभाव भोगेका सामाजिक समूहहरू, समुदायहरू यही राष्ट्र-राज्य भित्र छन्, जसलाई यतिका समय बितिसक्दा पनि सम्बोधन गर्ने प्रयास भएन । त्यसैले, त्यो अनुभव, त्यो संस्कार बोकेका समुदायहरूभित्र नयाँ राष्ट्रियताको अवधारणा ल्याउँदा बहस, विवाद, द्वन्द्व त हुन्छ नै । तर जाने तरिका त्यही हो ।

अर्को कुरा, राष्ट्रियता भनेको स्थिर कुरा होइन । राष्ट्रको आधारशीला वा आधारतत्व गतिशील सन्दर्भमा परिवर्तन हुँदै जान्छ, भैरहेको पनि छ । हालैका ५-७ वर्षमा मात्रै पनि हिजोका पवित्र मानिएका संस्था मात्र होइन कि त्यस्तै प्रकारका संस्कार, मान्यता, मूल्यहरूलाई खुलारूपले चुनौती दिने अवस्था हामीकहाँ सृजना भयो । अन्यत्र पनि भएको छ । अमेरिकालाई नै हेरौं । जुन आधारमा अमेरिकन राज्य बन्यो, त्यसको पृष्ठभूमि छ । संग्रामभन्दा अगाडि र पछाडिका आधार र अहिलेका आधारहरूमा धेरै फरक भैसकेको छ । त्यहाँ पनि अहिले हामीकहाँ भएका जस्तै प्रकारका द्वन्द्वहरू बेलाबेलामा आएका हुन् । जुन प्रकारले 'एसिमिलेसन'को प्रक्रिया त्यहाँ सुरु भयो र एउटा पगाल्ने कसौडी (मेल्टिङ पट)को खाकाअनुसार त्यो राज्य बनेको भनियो त्यसलाई पनि चुनौती दिइयो । साठीको दशकमा र त्यसपछि पनि ।

मेरो विषय त होइन, तर मैले पढेको कुरा के भने सुरुमा आउँदा आप्रवासीहरूले जुन एक प्रकारको 'ह्वाइट, एंग्लो स्याक्सन, प्रोटेस्टेन्ट' आधारमा राज्य बनाए, पछि आउने आप्रवासीहरूलाई त्यस्तै बन्ने प्रेरणा हुन्थ्यो; आफू त्यसैमा रूपान्तरित हुने, 'एसिमिलेट' हुने । तर, अलिपछि आउनेहरूले चुनौती दिए र आफ्नो पहिचान बनाउँदै गए । अहिलेको सन्दर्भमा सबभन्दा नयाँ कुरा एसियाली अमेरिकीहरूले ल्याएको परिवर्तन छ । दक्षिण अमेरिका, खासगरी मेक्सिकोबाट हिस्प्यानिकहरूको जुन आगमन भयो त्यसले गर्दा अहिले अमेरिकाको राष्ट्रियताको आधार के हो भन्नेमा विचार गर्नु परेको छ । त्यहाँ पनि पुरानो संस्कार बोकेका मानिसहरूलाई बडो चिन्ता

छ । 'ईश्वरले छानेका हामी जनता, र ईश्वरले स्थापना गरेको यो राज्यमा कहाँबाट आतंककारीहरू आएर के गर्न आँटेको' भन्ने चिन्ता छ त्यहाँ । तर लोकतान्त्रिक पद्धतिबाट शान्तिपूर्ण तरिकाले अगाडि बढ्ने अभ्यास गर्दै आएको सो मुलुकले त्यसलाई समाधान पनि गर्दै छ भन्ने लाग्छ ।

यो सन्दर्भ किन कोट्याएको भने यसबाट पनि केही प्रेरणा लिँदै हामीले अहिले भोगेका चुनौतीहरू, समस्याहरू सम्बोधन गर्दै, निकास खोज्दै जानुपर्छ । फेरि नयाँ चुनौतीहरू आउनेछन्, तिनलाई पनि समाधान गर्दै जानुपर्छ । त्यसैको आधारमा राष्ट्र निर्माण हुँदै जाने हो । त्यसलाई विकासको प्रक्रियाले पनि केही न केही मात्रामा बल दिन्छ भन्ने मलाई लाग्छ । कस्तो प्रकारको विकास हुन्छ, त्यो पुनःवितरित हुने (रिडिष्ट्रिब्युटिभ) प्रकारको हुन्छ कि हुँदैन ? सबै नेपालीले विकासका उपलब्धिहरू हासिल गर्ने अवसर पाउँछन् कि पाउँदैनन् ? यी कुराले पनि राष्ट्रियता बलियो र कमजोर बनाउन भूमिका निर्वाह गर्छन् भन्ने मलाई लाग्छ ।

सोचपत्रमा उल्लिखित नाम, भाव र प्रतीकका धेरैजसो कुरा मलाई मन परे । केही कुरामा संशोधन होला । झण्डाका कुरा आए । प्रतीकका कुरामा गाई र डाँफेचरीको कुरा सीकेजीले गर्नुभएको छैन । उहाँले विभूतिहरूबारे गरेको कुरा मेरो बुझाइमा जायजै हो । सोचपत्रमा त्रिभाषिक नीतिको जुन सुझाव दिइएको छ, मलाई त्यो ग्राह्य लागेको छ । आखिर एउटा राज्य बन्ने भनेको, राष्ट्र-राज्य बन्ने भनेको के हो ? कसैले भनेका छन् कि राष्ट्र भनेको एकआपसमा संवाद गर्ने मानिसहरूको समुदाय हो । संवाद गर्ने मुख्य माध्यम भाषा नै हो । अब बहुराष्ट्रिय राज्यमा विभिन्न राष्ट्र हुने भए, तिनले आफ्नो अधिकार पाउने भए, तिनको आफ्नो भाषा हुने भयो । त्यसो भए, नेपालीय राष्ट्र के हुने, अनि साझेदारी (शेयर) गर्ने चाहिं के भन्ने प्रश्न उठ्ला । हुन त आफू नेपालीभाषी भएकाले अनर्थ लाग्ला भन्ने पनि डर छ, तथापि जायज-नाजायज जे तरिकाले होस्, नेपाली भाषाले आफ्नो स्थान बनाइसेको छ । त्यसैले नेपाली सम्पर्क भाषाको रूपमा रहला । बाँकी कतिओटा भाषा भन्ने कुरामा, आ-आफ्नो थलोमा आ-आफ्नो भाषा त भैहाल्छ । अनि अहिलेको युगमा अंग्रेजीजस्तो भाषालाई नसिकी सुख छैन । चाहे मगरका छोरा हुन् या गुरूङका छोरी या मधेसीका सन्तान हुन वा थारूका, उन्नति गर्ने हो भने अंग्रेजी नसिकी सुख छैन । त्यसैले त्रिभाषाको नीति मलाई अति महत्वपूर्ण लागेको छ ।

अन्तमा, कतिपय कुराहरूमा अब हामीले संकुचित धारणा नराखी, बदलाको भावना नराखी अलिकति फराकिलो भएर सोच्न जरूरी छ । हिजो हामीलाई अन्याय

गर्नेहरूलाई हामीले पनि अन्याय गर्नुपर्छ भन्ने हिसाबले होइन कि, हिजो हामीलाई अन्याय गरियो तर अब सहँदैनौ । बरु अब हामी यिनलाई पनि न्याय गर्छौं भनेर अगाडि जानुपर्छ कि जस्तो लाग्छ । यो मेरो भावनाको कुरा हो ।

## १३ धीरेन्द्र प्रेमर्षि, संस्कृतिकर्मी

सीकेजीले आफ्नो सोचपत्रमा विभिन्न गाथाहरूमार्फत पनि पहिचान खोज्ने कुरा गर्नु भयो । पहिचान खोज्दै जाँदा हामी बढीमा २४० वर्षसम्म मात्रै पुग्दा रहेछौं । दलितकै कुरा गर्दा पनि बिसे नगर्चीभन्दा अघि हामी पुग्नै खोज्दा रहेनछौं । नगर्चीको आफ्नै महत्व र स्थान छ, तर त्यस्ता थुप्रै अन्य व्यक्तित्वहरू पहिले पनि थिए । अहिले म सहलेशसम्म जान चाहन्छु । उनी मिथिलाका १२/१३ औं शताब्दीका लोकनायक हुन्, जो दलितका देवताको रूपमा जानिन्छन् । भिडियोको प्रचलन आउनुअघि त्यहाँ सहलेशको नाच नाचेर, हेरेर २-३ रात छ्यांगै पार्थे । अरू व्यक्तित्वहरू पनि छन् जस्तो मुसहरहरूका दिनाभद्री । त्यस्ता अरू व्यक्तित्वहरूको खोजी पनि नेपालीयताको खोजीसँगै आउनुपर्छ । यसले दोहोरो पहिचान समेट्छ । दलित, मधेसीलगायत अन्य समुदायको अपनत्व पनि कायम हुन्छ ।

पहिचान स्थापित गर्ने सन्दर्भमा विभूतिहरूको कुरा आउँछ । म मिथिलातिरै केन्द्रित हुन चाहन्छु । जनक, सीता, आदि पौराणिक पात्रहरू हाम्रा राष्ट्रिय विभूति थिए/छन् । तर त्यसबाहेकका व्यक्तिहरू तराईतिरबाट खोज्दा कोही छैनन् । नभएका होइनन् कि नसमेटिएका । सहलेश, दिनाभद्री, आदि दलित व्यक्तित्वको कुरा मैले गरिसकें । अर्का प्रमुख व्यक्तित्व विद्यापति हुन् । यद्यपि, उनी भारतमा जन्मे कि नेपालमा भन्ने विवाद छ । उनी जति बेला जन्मेका थिए त्यति बेला नेपाल पनि थिएन र भारत पनि । उनी मिथिलामा जन्मेका थिए । जसरी कुनै बिरुवा सार्न उखेल्दा हामी जरा वरपरको माटोसमेत उखेलेर ल्याउँछौं, त्यसैगरी सामाजिक-सांस्कृतिक परिवेशलाई पनि हामीले सम्मान दिन सक्नु पर्छ । विद्यापति पनि हाम्रा विभूति हुन सक्छन् ।

अर्को कुरा, आफ्नो माटोप्रतिको सम्मान तथा समर्पण, राष्ट्रिय भावना मैले नेपाली लोकगीतहरूमा खोज्दा खासै पाउँदिनँ । 'रेलै घुमेर गयो दाजुको आधी उमेर' वा लाहुर जाने आदि विषय नै नेपाली लोकगीतमा बढी पाइन्छ । तिनमा आफ्नो

माटोको कुरा कम छ, यद्यपि पछि केही गीतहरू निर्माण गरिए । तर राष्ट्रप्रेम, भूमिप्रतिको लगाव र समर्पणका गीतहरू मिथिलामा यथेष्ट पाइन्छन् । 'अपना किशोरीजीके टहल बजेबै, हे हम मिथिलेमें रहबै' जस्ता माटोप्रति समर्पणको भावना भएका गीत छन् मिथिलामा । नेपालीमा या अन्य तराईका भाषाहरूमा यी चीज किन आउन सकेनन् ? यो पक्ष पनि समेटिनुपर्छ ।

## १४ नरहरि आचार्य, नेपाली काँग्रेस

राष्ट्रियता अत्यन्त महत्वपूर्ण र प्रशस्त विरोधाभासयुक्त विषय हो । यस्तो गम्भीर विषयमाथि छलफल गर्ने मार्टिन चौतारीको प्रयत्न स्वागतयोग्य छ । यो सोचपत्र दुई पटक पढें । पहिलो पटक पढ्दा रोचक आख्यान पढेझैं लाग्यो । पठनीय छ यो सोचपत्र । दोस्रो पटक चाहिं मुश्किलले अड्की-अड्की पढें । यसमा प्रस्ट पार्नुपर्ने, व्याख्या गर्नुपर्ने, विस्तार गर्नुपर्ने थुप्रै विषयहरू छन्, जसलाई यहाँ सूत्रको रूपमा राखिएको छ । केही अस्पष्टता छन् । यो सोचपत्र शोधपत्रकै रूपमा तर निबन्धात्मक शैलीमा छ । अर्को चरणमा यसको आकार बृद्धि हुनसक्छ, व्याख्या बढ्न सक्छ । यहाँका प्रत्येक उपशीर्षकहरू एउटा अध्यायको रूपमा राखेर पुस्तक नै आउन सक्ने देखिन्छ । यस्तो विषयमा अहिलेसम्म पुस्तक लेखिएको छैन । लेखिएमा सायद त्यो सीकेजीले नै लेख्नुहुनेछ र त्यो पहिलो पुस्तक हुनेछ । यहाँ शैली मात्रै हैन, पारिभाषिक शब्द, विषयवस्तु पनि नयाँ आएको छ । त्यसैले यस विषयमा गम्भीर हुनु जरूरी छ । सबैभन्दा बढी वादविवाद गरेको, विमर्श भएको कुरा राष्ट्रियताको पुनर्व्याख्या छ, यहाँ । तर 'राष्ट्रियता' शीर्षकमा कतै उल्लेख नभएको हुँदा कतिलाई यो के लेखेको भन्ने लाग्न सक्छ ।

नेपालमा राष्ट्रियताको विषय अत्यन्तै विरोधाभासपूर्ण बन्ने गरेको छ, किनभने यसलाई प्रस्तुत गर्ने पात्रहरू नै त्यसै गरी प्रस्तुत भएका वा गरिएका छन् । संवैधानिक समितिको मस्यौदामाथि संविधानसभामा भएको छलफलमा भाग लिंदा मैले भनेको थिएँ कि माथिल्लो पंक्तिमा सबै विविधतालाई समेट्ने ढंगले एकल राष्ट्रको परिभाषा गरिएको छ । त्यसैको तल्लो पंक्तिमा चाहिं यो बहुराष्ट्रिय राष्ट्र हो भनिएको छ । यी दुइटा कुरामा विरोधाभास मात्रै हैन, परस्पर विसंगति नै छ । विरोधाभास भन्नु विरोधको आभास मात्रै हो । यस्तो जबरजस्त विसंगति पास भएर आएको छ ।

कसरी त्यस्तो भयो भनेर मैले छलफलमा कुरा उठाएको थिएँ । यो ढंगको प्रस्तुति छ त्यहाँ ।

म राज्यको पुनःसंरचना तथा राज्यशक्ति बाँडफाँड समितिमा छु । त्यसको अवधारणा लेख्ने सन्दर्भमा पृथ्वीनारायण शाहले अहिलेको राज्यलाई एकीकृत गरे भन्ने लेख्दा ठूलो विरोध भयो, उनको नाम लेख्न पाइँदैन भनेर । सौभाग्य वा दुर्भाग्यवश त्यसको मस्यौदा मैले गरेको थिएँ । किन लेखेको थिएँ भनेर मैले भनें, बुझाउन सकें कि सकिन, थाहा छैन । एकीकृत नेकपा (माओवादी) का सदस्यहरू विरोधको अग्रीम पंक्तिमा हुनुहुन्थ्यो । तर, गत २०६६ पुस २७ गते राष्ट्रिय स्वाधीनता अभियानलाई प्रारम्भ गर्दै एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले गरेको भाषणको पूर्णअंश मैले पत्रिकामा पढ्न पाएँ । त्यो भाषणमा पृथ्वीनारायणको बयान देख्दा म चकित भएँ । मेरो घरमा पृथ्वीनारायणको फोटो टाँसिएको छ । उहिल्यैदेखि टाँसिएको हो । निकाल्ने आवश्यकता ठानिनँ । तर कहिल्यै पनि उनको त्यत्रो ठूलो प्रशंसा गर्न आवश्यक देखिनँ र निन्दा पनि जरूरी देख्दिनँ । पृथ्वीनारायणको त्यो राज्यविस्तार अभियान उनको आँट र समयको आवश्यकता दुबै थियो । प्रचण्डको त्यो भाषण पढ्दा मभन्दा बढी चकित राज्य पुनःसंरचना समितिमा मलाई प्रश्न सोध्ने एमाओवादीका साथीहरू भए होलान् ।

म दुई-तीन कुराबारे चर्चा गर्न चाहन्छु । नेपालीय अलि नचलेको शब्द छ, त्यसैले विरोध पनि होला । हुन त मैले लोकतन्त्र भनेर लेख्दा भारतको नक्कल गरेको भनियो । हामीकहाँ लोकगीत, लोककथा, लोकगाथाजस्ता कुराहरू चलेकै छन् । अनि लोकतन्त्र भन्दाखेरि नहुने कारण चाहिं के होला ? आफूलाई सबभन्दा राष्ट्रिय मान्नेहरूले कम्तीमा भानुभक्तलाई त मान्छन् होला । उनले पनि आमजनताका निम्ति लोक शब्द प्रयोग गरेकै छन् । संस्कृतमा लोक शब्द प्रयोग भएको छैन । यस्ता शब्दमाथिका विवादहरू बेलाबेलामा आउँछन् । यस्ता कुरालाई मैले गम्भीर रूपमा लिने गरेको छैन । तर, यो सोचपत्रमा अडानभन्दा सम्झौता, समझदारी र उपायहरूको खोजी भेटेको छु । कसैले पूर्वाग्रह, दूराग्रहले आ-आफ्नो कुरा अटाउन सक्लान् तर नेपालीय भन्ने शब्द सबै खालका नेपालीलाई समेट्ने उपायको कडीको रूपमा आएको छ । यसलाई उपेक्षा गर्न मिल्दैन । स्वीकार गर्दा राम्रो हुन्छ ।

सांस्कृतिक नेपालीपनको बृहत्तर रूपरेखाको भिन्नै ढंगको प्रस्तुति छ यहाँ । त्यो किन भयो भन्ने कुरा उहाँले बताइसक्नुभयो । यसको पृष्ठभूमिबारे पनि उहाँले थप प्रस्ट पार्नुहुनेछ भन्ने मलाई लाग्छ । हामीले यतिखेर बोल्दै आएको भाषालाई खस

भन्ने कि के भन्नेमा विवाद आएको छ । वास्तवमा सुरुमा यसको नाम खस भाषा थियो । त्यसपछि सिंजाली, पर्वते, गोर्खाली हुँदै नेपाली भएको छ । अहिलेसम्म आइपुग्दा यसको नाम मात्रै परिवर्तन भएको भन्न मिल्दैन । शब्द भण्डार र वाक्य संरचनामा पनि निकै धेरै परिवर्तन भएको छ । अहिले सिंजा वा कर्णाली प्रदेशमा बोलिने खस वा सिंजालीसँग तुलना गर्दा यस भाषाले नेपाली नाम हुँदै गर्दा गरेको परिवर्तन टड्कारो अनुभव गर्न सकिन्छ । विभिन्न कालखण्डमा यसको रूप वा अवतार परिवर्तन हुँदै आइरहेको छ । तर यसमा नअल्झीकन संयुक्त रूपमा नाम खोज्नु नै आजको विषयवस्तु हो । नामको विषयमा हामी प्रशस्त छलफल-बहस गर्न सक्छौं । आजका सबै यथार्थहरूलाई हेरेर नाम तोकिनुपर्छ भन्ने लाग्छ । नेपाल बाहिर पनि दर्जनौं देशमा नेपालीहरूको स्थायी बसोबास भइसकेको र उनीहरूले पनि आफूलाई नेपाली समुदायका रूपमा प्रस्तुत गरेको, आफूले बोल्ने भाषालाई नेपाली भनिरहेको अवस्थालाई भुल्न मिल्दैन ।

राष्ट्रियताको सन्दर्भमा कस्तो परिभाषा दिने भन्दाखेरि, माओवादी र मधेसवादी एकतिर छौं भन्नुभयो डा. बाबुराम भट्टराईले । जयप्रकाश गुप्ताले स्पष्ट रूपमा भन्नु भएको छैन । एमाले र काँग्रेस एकतिर फर्किएका छन् । पार्टीहरूको भागबण्डाको रमाइलै कुरा छ, राष्ट्रियताको सवालमा । माओवादी र काँग्रेस अहिले विपरीत ध्रुवमा छन् । मुख्य द्वन्द्वकर्ता र सहकार्य गर्न जरूरी भएका यिनीहरू नै हुन् । एमालेलाई समस्या छैन । हिजो माओवादीको नेतृत्वमा पनि ऊ पद प्राप्त गरेर सरकारमा थियो, काँग्रेसको आशीर्वाद लिने सन्दर्भमा पनि ऊ अगाडि नै छ । काँग्रेसलाई त्यो सुविधा छैन । हिजो राजामा भएको शक्ति बाँडिएको छ अहिले, आधी शक्ति माओवादीतिर गयो । अर्थात् हिजोका कट्टर राजावादी र घोर काँग्रेसविरोधी सबै त्यतातिर लागे । आधी शक्ति काँग्रेसतिर पनि छ । किनभने थोरै या जति सिट ल्याए पनि, जे सुकै गरे पनि संस्थापनाको प्रतिनिधित्वकर्ता काँग्रेसलाई नै मानिन्छ । भलै को-को कहाँ-कहाँ गएका छन् भन्ने हामीले देखेकै छौं । संविधानसभाको सबभन्दा ठूलो दल भएर पनि माओवादीले काँग्रेससँग नै माग राखेको राखेकै छ । सरकार हामीलाई चाहियो जस्ता यावत कुराहरू भइरहेको छ । अब राष्ट्रियताको कुरामा माओवादी संस्थागत रूपमा नै पृथ्वीनारायण शाहलाई कसरी हेर्न चाहन्छ ? अरूलाई कसरी भन्ने हो ? यस्ता तालमेल मिलाएर मात्रै अरूसँग छलफल गर्न बस्ने हो कि भन्ने अवस्था पनि छ । सीकेजीले बलियो वैचारिक-प्राज्ञिक शैलीमा महत्वपूर्ण राजनीतिक विषयलाई अघि सार्नुभएको छ ।

आदिवासी जनजातिको सन्दर्भमा परिभाषा पर्याप्त नभए पनि संविधानसभामा यसको नामकरण छ । नेपालको सन्दर्भमा आदिवासी, अनादिवासीको कुरा गर्दा प्रत्यूष वन्त र मेरी डेशेनले सम्पादन गरेको *नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन* भन्ने पुस्तकमा डा. हर्क गुरूङले लेख्नुभएको निबन्ध छ– राष्ट्रियता र जनजाति । नेपालका समग्र मान्छेहरूलाई उहाँले दुइटा गोत्रमा राख्नुभएको छ– ल्हासा गोत्रे र काशी गोत्रे । यिनै दुइटा गोत्रबीचको द्वन्द्व र सहकार्य नै नेपालको वर्तमान संरचना हो । नेपालमा जो आए, जो बसे पनि तिनको गोत्र अन्यत्रै छ भन्ने हो । यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्छ । डा. गुरूङले भन्नुभयो दुइटा गोत्र, जयप्रकाश गुप्ता दुइटा राष्ट्रियता भन्नुहुन्छ । कोही बहुराष्ट्रियता भन्छन् । हामी एउटा नागरिकतामा बस्छौं भने यी सबैलाई परिभाषित गर्ने हाम्रो एउटा राष्ट्रियता के हुन्छ ? त्यसको समाधान खोजिएको छ यहाँ । त्यसैले पितृभूमिको अवधारणा यहाँ लागू गरिएको छैन । यसलाई गम्भीरतापूर्वक मनन गरिनुपर्छ ।

लोकतन्त्रले बलियो आधार प्राप्त गर्दै जाँदा पहिचानका विषय आफैं स्थिर हुने रहेछ । आफूखुसी पहिचान परिवर्तन गर्नेहरू पनि छन् । तर, दबाबमा पहिचान परिवर्तन गराउन खोज्दा मान्छेलाई दुख्ने रहेछ । आधुनिकीकरण सँगसँगै हाम्रो बसोबासको ढाँचा फेरिएको छ । हाम्रा आवश्यकतासँग पहिचान पनि फेरिँदै गएका छन् । यतिखेर नेपाली सम्पूर्ण नेपालभित्रको र नेपाल बाहिर संसारभर छरिएको विषय पनि हो । यस पक्षलाई सीकेजीले आफ्नो विचारपत्र वा सोचपत्रमा संक्षेपमै भए पनि राम्रोसँग समात्न खोज्नुभएको छ । यसैलाई टिप्ने जमर्कोमा नेपालीय शब्दलाई उहाँले अघि सार्नुभएको छ ।

यो सोचपत्रमा विरोधाभास त होला तर विसंगति चाहिं मैले देखिनँ । यहाँ विषय प्रवेश गरिएको छ, बहसको लागि प्रसंग खोलिएको छ भनेको हुनाले यसलाई मैले त्यत्ति धेरै अप्ठ्यारो मानिनँ । यसमाथि थप व्याख्याको आवश्यकता देख्छु । यसभन्दा बढी अप्ठ्यारो देख्दिनँ । राजनीतिशास्त्रलाई सोचपत्रले के गर्छ थाहा छैन तर नेपालको निर्माणाधीन पहिचानको राजनीतिलाई यसले पक्कै मद्दत पुऱ्याउँछ । नयाँ आयामबाट सोच्न सघाउँछ ।

# १५ पद्मलाल विश्वकर्मा, एनेकपा (माओवादी)

मैथिलीभाषी सीकेजीले नेपाली भाषामा लेख्नुभएको यो रोचक सोचपत्रलाई म प्रशंसा गर्छु । म खस मातृभाषी एवं भाषाको शिक्षक भएकोले उहाँले प्रयोग गर्नुभएको भाषाप्रति मेरो सम्मति छ । यहाँ दिइएको नेपालीपन र नेपालीय भन्ने शब्दको व्याख्यासँग म सहमत छु । उहाँले शब्दावलीहरूको प्रयोग राम्रो ढंगले गर्नुभएको छ । यद्यपि, कसैलाई यो चित्त नबुझ्न सक्छ । सीकेजी एउटा वैचारिक धारबाट आउनुभएको हुनाले अन्य वैचारिक धारकाहरूले फरक मत राख्नु स्वाभाविकै हो । तर, यसले छलफल र बहसको ढोका खोलिदिएको छ ।

सोचपत्रमा राज्य पुनःसंरचनाको मुख्य उद्देश्य संघीयता एवं संसदीय व्यवस्थालाई अंगीकार गर्ने हुनुपर्छ भन्ने उल्लेख गरिएको छ, जुन बहसको विषय हो । प्रश्न गर्न सकिन्छ, जहाँजहाँ संघीयता छ, त्यहाँ संसदीय व्यवस्था नै छ त ? अब परम्परागत लोकतन्त्रले मात्रै पुग्दैन भन्ने प्रस्ट भैसकेको छ । सोचपत्र २०४७ सालको संविधानलाई केन्द्रबिन्दु बनाएर आएको छ । यससँगै यसमा जनआन्दोलन, मधेस आन्दोलनबारे राम्ररी व्याख्या, वर्णन गरिएको छ । लेखकले २०६२-२०६३ सालको जनविद्रोहलाई वसन्त विद्रोह पनि भन्नुभएको छ, तर १० वर्षे माओवादी जनयुद्धलाई फगत सशस्त्र संघर्ष मात्रै उल्लेख छ । यो आग्रही कुरा हो, त्यसैले यसमा विवाद हुन्छ । १० वर्षे जनयुद्धको जगमा दोस्रो जनआन्दोलन भएको कुरा धेरैले नमान्लान्, तर हामी भन्छौं; इतिहासले यो सिद्ध गर्नेछ । त्यस्तै, उहाँले नेपालमा साम्यवादको प्रवेश २०४७ पछि मान्नुभएको छ, तर नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ सालमा भएको र २०१५ सालमा चुनावै लडेको तथ्यलाई बिर्सन मिल्दैन ।

असन्तुष्टिलाई केलाउँदै जाँदा माओवादीले मगर नेपाली वा नेपाली मगरमा कुनै अन्तरविरोध देखेनन्, जसले राष्ट्रिय एकताको आधारभूत मान्यता स्थापित गऱ्यो भनेर स्वीकार्नु हुन्छ उहाँ । यो सकारात्मक कुरा हो । मधेस विद्राहले गर्दा नै नेपालको पहिलो राष्ट्रपति मधेसी, र सेनापति पहिलो पटक जनजाति हुने आधारभूमि स्थापना गऱ्यो भन्ने वहाँको व्याख्यासँग म सहमत छु ।

रूप र नाम प्रजातन्त्र भए पनि व्यवहारमा २०४७ सालको संविधानले गणतन्त्रको लक्ष्य राखेको थियो भन्ने सोचपत्रमा उल्लेख छ । के साँच्चै हो त यो ? हो भने कसरी भन्ने कुरालाई अलि व्याख्या गर्नुपर्छ । यो बहसको विषय हो । सोचपत्रमा ठाउँठाउँमा विरोधाभास पनि देखिन्छ । जस्तो, २०४७ सालको संविधान असफल

भएपछि या योजनाबद्ध रूपमा असफल बनाइएपछि २०६२-६३ सालको जनआन्दोलन अवश्यम्भावी बन्न पुग्यो भन्नुभएको छ । त्यसोभए, २०४७ सालको संविधानकै कारणले गर्दा माओवादी विद्रोह चाहिं अवश्यम्भावी थिएन त भन्ने प्रश्न पनि जन्मिन्छ । त्यस्तै, म त नेपाली भन्ने खण्डमा, २०४७ सालको संविधानको प्रस्तावनामा नागरिकभन्दा माथि संविधानलाई राखिएकाले त्यसले आसन्न द्वन्द्वको बीउ रोपेको उल्लेख छ । यदि त्यसो हो भने, त्यो गणतन्त्रको संस्थागत गर्ने आधार कसरी बन्यो भन्ने प्रश्न उठ्छ ।

२०४७ सालको संविधानलाई मधेसी वा गैरगोर्खालीले मात्र नभई दलितले पनि स्वामित्व ग्रहण नगरेको हो । यो कुरा थप्नुपर्छ । सोचपत्रमा सीमान्तकृत लगायतका शब्द राखिए पनि दलितलाई कसरी अजात, अछुत र बहिस्कृत बनाइयो, सो सन्दर्भमा राम्ररी कुरा आएको छैन । यो कमजोरी हो ।

अहिलेको पुस्ता स्वदेशी विदेशी गैरसरकारी संस्थाहरू (गैसस)को लपेटमा परेको छ । यसले राष्ट्रियतालाई के कस्तो प्रभाव पारेको छ ? गैससहरू राष्ट्र र राष्ट्रियताप्रति प्रतिबद्ध हुन्छन् या दाताको पैसाप्रति ? मेरो विचारमा राष्ट्रियता कमजोर पार्ने पक्षमध्ये एउटा गैसस आन्दोलन पनि हो । सबै गैससलाई यो आरोप लगाउन नमिल्ला, तर यो कुराले पनि यो सोचपत्रमा स्थान पाउनुपर्थ्यो ।

सांस्कृतिक पक्षको कुरा गर्दा मातृभाषाको कुरा पनि जोडिएर आउँछ । सीकेजीले मातृभाषालाई आमाको दूधजस्तो भन्नुभएको छ । म त मातृभाषालाई श्वासप्रश्वास जस्तै मान्छु, किनकि आमाको दूधविना पनि बच्चा बाँच्छ, तर शास फेर्न नपाए बाँच्दैन । नेपालीलाई अब हामीले सम्पर्क भाषाको रूपमा स्वीकार्नुपर्ने एउटा पक्ष हो, तर त्यसलाई निर्विकल्प मान्दा समस्या हुन्छ । यो लादिएको नेपाली भाषाको समस्यालाई सोचपत्रमा सटिक व्याख्या गरिएको छ । समाधानका लागि त्रिभाषिक नीति (एउटा अर्को भाषा सिक्नैपर्ने) सुझाइएको छ, जुन उपयुक्त हो भन्ने लाग्छ ।

भाविष्यमुखी नेपालको निर्माण राजनीतिक संरचनाबाटै गर्न सकिन्छ भनेर जुन जोड दिइएको छ, सो महत्वपूर्ण छ । त्यस्तै, भौतिक सुरक्षा र मानवीय सम्मानविनाको राष्ट्रियता कमजोर हुने कुरा उठाइएको छ । खास गरी मानवीय मर्यादाबाट वञ्चित भएका दलित समुदायको राष्ट्रियताको सन्दर्भमा पहिलेदेखि नै प्रश्न उठाइएको छ । यस्तो अवस्थामा उनीहरूले आफ्नो मुलुकप्रति कसरी अपनत्व र ममत्व महसुस गर्न सक्छन् ? यो समस्यामाथि थप चिन्तन जरुरी छ ।

नेपालको भूराजनीतिक अवस्थाले गर्दा सशस्त्र संघर्षले विदेशी सक्रियता र हस्तक्षेप निम्त्याउने जोखिम भएकाले भरसक सशस्त्र संघर्ष गर्नु हुँदैन र यसले बिगार्छ भन्ने तर्क सीकेजीले गर्नुभएको छ । तर शान्तिपूर्ण आन्दोलनले मात्रै हुँदैन । शान्तिपूर्ण बाटोबाट मात्रै अधिकार प्राप्त हुने अवस्था या सम्भावना नभएपछि हतियार उठ्छ । यो तथ्यलाई स्वीकार्न जरूरी छ ।

संवैधानिक निकाय चाहिन्छ भन्ने कुरा ठीक हो तर तिनको अधिकार, कार्यक्षेत्र र कार्यान्वयनको पक्षलाई ध्यान दिइएन भने काम लाग्दैन । यसको ज्वलन्त उदाहरण हाम्रा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, मानवअधिकार आयोग आदि छन् । त्यस्तै, न्यायपालिकाको स्वतन्त्रताको वकालत सोचपत्रमा गरिएको छ । तर, न्यायपालिकाले नै भाषामा बन्देज लगाएको दृष्टान्त पनि हामीसँग छ, जुन कुरा सोचपत्रमा समेत उल्लेख छ ।

वैदेशिक राजनीतिक-कूटनीतिक सम्बन्धबारे दलहरूबीच एउटा साझा राष्ट्रिय धारणा बन्नु आवश्यक छ । भारतका विभिन्न दलहरूको नेपालप्रतिको धारणा फरक हुँदैन । तर, नेपालका दलहरूका धारणा र वैदेशिक नीतिमा एकरूपता छैन । सशस्त्र सैनिकका सम्बन्धमा सोचपत्रमा मधेसका सशस्त्र डाँका समूह र माओवादी जनसेनालाई एउटै खेमामा राखिएको देखिन्छ । यो उपयुक्त होइन । नागरिक सर्वोच्चतालाई सस्तो नाराको रूपमा माओवादीले उचालेको सीकेजीको ठम्याइ रहे पनि समस्याको मूल जड यही नै हो ।

## १६ डा. बाबुराम भट्टराई, एनेकपा (माओवादी)

सीकेजीले असाध्यै गहन विषयमा रोचक शैलीमा विचारोत्तेजक सोचपत्र लेख्नुभएको छ । गहन अध्ययन गर्न नपाएकाले टिप्पणी गर्नेभन्दा पनि सोचपत्रमाथि आफ्नै सोच मात्रै व्यक्त गर्न चाहन्छु । राष्ट्रियताको बहस गर्दाखेरि विषयवस्तुलाई हेर्ने तरिकामा ध्यान दिनुपर्छ, किनकि हाम्रो दृष्टिकोणमा अन्तर हुनसक्छ । र, जुनसुकै विषयवस्तुलाई पनि ऐतिहासिकता, परिवर्तनशीलता र गतिशीलतासँग जोडेर हेर्नु उपयुक्त हुन्छ । राष्ट्रियता, जातीयता, राज्य आदि जुन अवधारणाहरूको चर्चा गरिरहेका छौं, ती इतिहास विकासको खास चरणमा आएर मात्रै संरचित भएका हुन् । अर्को कालखण्ड या युगमा यही सन्दर्भ रहन्छ, यिनै अवधारणा, पदावली रहन्छन् जस्तो लाग्दैन । तसर्थ, सोचपत्रमा ऐतिहासिक,

भौतिकवादी, गतिशील दृष्टिकोणभन्दा स्थिरताको गन्ध अलि बढी आएको छ । भौतिक जगत् निरन्तर गतिशील हुँदै आएको तथ्यमा ध्यान पुऱ्याइए पनि जोड दिइएको छैन । राष्ट्रियताको चर्चा गर्दा सांस्कृतिक राष्ट्रियतालाई बढी जोड दिइएको छ, जबकि ध्यान अर्थ-राजनीतिक पक्षमा अलि बढी जानुपर्ने थियो ।

प्राणी जगत् भनेको १५ अर्ब वर्षदेखिको निरन्तर गतिशील प्रयासको उपज हो । अहिले मानव जाति विभिन्न राष्ट्र-राज्य, राजनीतिक राज्य, आदिमा विभाजित भएर आफ्नो पहिचान खोजिरहेको छ । तर यो पहिचान धेरै पछिको अविष्कार हो । आज हामीले खोजेको पहिचान हिजो लागू हुन्थेन । अहिले हामीले खोजेको कुरा भोलि पनि लागू हुनेछैन । त्यसैले नेपाली पहिचान खोज्दाखेरि यो गतिशीलतामा हुन्छ भन्ने कुरामा पनि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ । यसरी हेर्दा हाम्रो पहिलो पहिचान मानव जाति नै हो । चाहे हामी होमो इरेक्टस भनौं या होमो सेपियन्स, सबभन्दा ठूलो पहिचान त्यही नै हो । त्यसबाहेकका राज्यका, राष्ट्रका, जाति-भाषाका पहिचान इतिहासले बीचमा निर्माण गरेका, भौतिक जगतले सृजना गरेका पहिचान हुन् । र, यी संक्रमणकालीन पहिचान हुन्, जुन एक कालखण्डमा निर्माण भएर अर्को कालखण्डमा हराएर जान्छन्, र जानुपर्छ । अन्ततः जातिविहीन, वर्गविहीन मानव जातिकै पहिचानमा पुग्नुपर्छ, र अन्तमा विश्वनागरिक हुने अवस्थामा हामी पुग्छौं भन्ने मलाई लाग्छ ।

नेपालका विभिन्न सामाजिक समूहहरूलाई हेर्ने हो भने मुख्यतया तीन तिरबाट आएको देखिन्छ : उत्तरतिरबाट आएका मंगोलिनयहरू, दक्षिण र पश्चिमतर्फबाट आएका आर्यहरू र दक्षिण पूर्वबाट आएका अस्ट्रो-द्रविडहरू । यी तीनओटा हाम्रा मुख्य शाखा हुन् । त्यसैले को आदि, को अनादि भन्ने बहसमा जानु उपयुक्त छैन । हामी सबै आदि पनि हौं र अनादि पनि हौं । पृथ्वीनारायण शाहभन्दा पहिले हाम्रो पहिचान कविलाई थियो । पहाडी भू-भाग भएकाले, नदी नाला तर्न गाह्रो भएकाले, कृषियोग्य जमिन खण्डित भएकाले, अर्थात् भौगोलिक कारणले गर्दा धेरै कविलाई पहिचान हामी कहाँ रह्यो । भूमि सामाजिक, सांस्कृतिक र भौगोलिक रूपमा खण्डित भएकोले सोहीअनुरूपका पहिचानहरू कायम हुन पुगे ।

ससाना कविलाई पहिचान र संरचना जो थिए तिनले मात्र त्यसबेलाको संरचनालाई, समाज विकासलाई अघि बढाउन सक्दैनथे । त्यसकारण तिनलाई राजनीतिक राज्यभित्र एकीकृत गर्नुपर्ने एउटा ऐतिहासिक आवश्यकता थियो । र, त्यो ऐतिहासिक भूमिका, आवश्यकता पृथ्वीनारायणले निर्वाह गरे । त्यस अर्थमा कीर्तिपुरेका

नाक-कान काटेकै भए पनि, र बल प्रयोग गरेकै भए पनि ऐतिहासिक भौतिकवादी दृष्टिले हेर्दा उनको भूमिका प्रगतिशीलै थियो । त्यो नेपाली इतिहासको एउटा प्रगतिशील कदम थियो । तर, उनले जे गरे त्यो अहिलेको राष्ट्रिय अवधारणा अन्तर्गत पर्दैनथ्यो । फगत राज्य विस्तार मात्रै थियो त्यो ।

पृथ्वीनारायणको कालखण्डपछि सामन्ती युगको थालनी भयो । सामन्ती राज्य निर्माण कार्य सुरु भयो । सुगौली सन्धिले राज्य विस्तारको क्रम रोकिदिएपछिको असमञ्जसको स्थितिबाट भारदार जंगबहादुरको नेतृत्वमा सामन्तवादको अभ्युदय भयो । भानुभक्तजस्ता कविहरूले त्यो सामन्तवादलाई सांस्कृतिक पहिचान दिने काम भाषिक ढंगले गरे । चन्द्र शमशेरसम्म पुग्दा तराईको जंगल फँडानी हुँदै थियो । त्यसबाट जमिन पनि प्राप्त भयो । यसरी पृथ्वीनाराणबाट सुरु भएको सामन्तवाद चन्द्र शमशेरको पालामा उत्कर्षमा पुग्यो । त्यतिबेला बनेका सिंहदरबारलगायत अनेक दरबार मधेसबाट आएको अतिरिक्त धन खर्च गरेर बनेको हो । त्यसपछि जुद्ध शमशेरको पालामा, जतिबेला दोस्रो विश्वयुद्ध हुँदै थियो, व्यापारिक पूँजी पनि विकसित हुँदै गयो, उद्योगधन्दा विकास हुँदै गए । त्यसयताको समय भनेको सामन्तवादको स्वरूप बदलिँदै गएको अवस्था हो । त्यसैले सोचपत्रमा पृथ्वी, जंग, चन्द्र, जुद्ध भनेर अलगअलग कालखण्डको रूपमा राख्नुभन्दा पनि एउटै कालखण्डको फरकफरक रूपको हिसाबले व्याख्या गर्दा वस्तुवादी हुन्छ ।

यसरी २००७ सालदेखि २०६२-२०६३ को आन्दोलनसम्म आइपुग्दासम्म हामी सामन्ती राज्यलाई अन्त गरेर त्यसलाई नयाँ ढंगले संगठित गर्ने क्रममा छौं । र, संविधानसभाबाट त्यसलाई पूर्णता दिन चाहेका हौं । त्यसैले पद्म शमशेरको पालादेखि अहिलेसम्मको युग उही नै छ र राष्ट्रको परिभाषा पनि उही नै छ । युग परिवर्तन भएको छैन । युग बदलिने क्रम मात्र त्यहीँबाट सुरु भयो । विभिन्न कालखण्डको आन्दोलन, जनआन्दोलन, मधेसी आन्दोलन, आदिले यसलाई माथि उठाएको छ जसलाई संविधानसभामार्फत पूर्णता दिनुपर्छ । अहिले संविधानसभाका विषयगत समितिमा राष्ट्रियताको पुरानै परिभाषा राखिएको छ भने त्यो फेरिनुपर्छ । नयाँ ढंगको राष्ट्रियताको निर्माण गर्नुपर्छ । परिवर्तनलाई पूर्णता दिनुपर्छ । त्यस्तो हुन सकेन भने अर्को द्वन्द्व/विद्रोह/क्रान्ति हुनबाट कसैले पनि रोक्न सक्दैन । र, अर्को विद्रोहले त्यसलाई पूर्णता दिनेछ ।

कविलाई युगमा राष्ट्रियता हुने कुरै थिएन, पहिचान मात्रै हुन्थ्यो । सामन्ती युग धर्ममा आधारित थियो र अर्थतन्त्र कृषिमा मात्र आधारित थियो । त्यसकारण

पृथ्वीनारायण शाहले जुन असली हिन्दुस्थानाको परिकल्पना गरेका छन्, त्यस परिवेशमा राष्ट्रियताको, पहिचानको आधार त्यही (धर्म) मात्र हुन सक्थ्यो । अब अर्थ-राजनीतिक धरातलमा उभिएर मात्रै नयाँ पहिचान बन्न सक्छ । तसर्थ, पुरानो पहिचानमा राष्ट्रियताको कुरा गर्नुको कुनै अर्थ रहँदैन । अबको राष्ट्रियताको विकास निम्ति आर्थिक विकास आवश्यक छ । आफ्नै भू-भाग भित्रको आर्थिक विकास, उत्पादनको बजारको सुनिश्चितता, बाह्य बजारको हस्तक्षेपबाट मुक्ति, उत्पादनका लागि राम्रो बजार, साधन स्रोत आफ्नै ढंगले उपयोग गर्न पाउनको निम्ति एउटा साझा खाका बन्नुपर्छ । यिनै अन्तर्वस्तुमाथि बनेको राष्ट्रियता सही राष्ट्रियता होला भन्ने लाग्छ । अर्थात् साझा भूगोल, भाषा, मान्यता, अर्थतन्त्रलगायतका तत्वहरूको सम्मिश्रणबाट बनेको राष्ट्रियता नै अहिलेको युगको सही अर्थको राष्ट्रियता हुन्छ ।

कुनै पनि भाषा, जाति आफैंमा राम्रो-नराम्रो भन्ने हुँदैन । नेपालमा जुन विविधता छ, यो गर्व गर्न लायकै विषयै हो । यसमा आपत्ति हुने कुरै भएन । तर, जब विविधताले असमानताको रूप लिन्छ, जब एउटा जातिले, भाषिक समुदायले अर्को समूहमाथि थिचोमिचो गर्छ, तब आपत्ति हुन्छ । लिंग, भाषा, जातिको कुरा पनि त्यही हो । त्यस अर्थमा अबको राष्ट्रियताको परिभाषा युगको आवश्यकता पूरा गर्ने खालको हुनुपर्छ । लिंग, जाति, भाषा, धर्म, भूगोल लगायतका कुराले जन्माएको समस्यालाई समाधान गर्ने हतियार प्रयोग गर्ने खालको राष्ट्रियता हुनुपर्छ । र, जातीय, भाषिक, सामाजिक-सांस्कृतिक पहिचानसँगै वर्गीय पहिचान आउनु जरूरी छ ।

सोचपत्रमा वर्गीय पक्षलाई ध्यान दिइएको छैन । जुनसुकै जाति, भाषा, वर्ग, क्षेत्र, लिंग, भू-भागमा पनि वर्गीय विभेद छ । भूगोलको आधारमा मात्र हेरेर हुँदैन । मधेसमा विभेद भएकै हो । पहाडमा पनि केही जातिले अर्का जातिमाथि उत्पीडन गरेकाले त्यहाँ पनि उत्पीडित जाति छन् । मधेसमा पनि उत्पीडित जाति छन् । मूलतः अन्तर हेर्दा वर्गीय नै हुनुपर्‍यो । मधेसमा, पहाडमा, जुनसुकै जातिभित्र, लिंगभित्र पनि हामीले पाउने भनेको वर्गीय विभेद हो । यसलाई महसुस गर्न सकियो भने उत्पीडनको अन्त हुन सक्छ । हैन भने यसले जातीय विभेद र संघर्षतर्फ पनि लैजान सक्छ । राज्य पुनःसंरचनाको क्रममा यो तथ्यलाई हामीले स्वीकार गर्नै पर्छ ।

राज्य पुनःसंरचनासम्बन्धी समितिको बहसमा हामीले धेरै विषयमा सम्झौता गर्नु परेको छ । पर्याप्त छलफल हुन नसक्नु, दृष्टिकोण नपुग्नु, विचारधारामा अस्पष्टता, गृहकार्यमा कमी, दलहरूले आ-आफ्नै एजेण्डालाई बढी जोड दिने प्रवृत्ति, राजनीतिक खिचातानी आदि कारणले समस्या देखिएका हुन् । एउटा समितिले एउटा कुरा

पारित गर्छ, अर्को समितिमा गएर अर्को कुरा पारित भइरहेको छ । जस्तो कि राष्ट्रिय राज्य भन्ने कुरा फरक फरक हिसाबले पारित भएको छ । 'जनयुद्ध' शब्द कुनै समितिमा पारित भएको छ भने कुनैमा अस्वीकृत । संघीयतामा जाँदा त्यसको आधार जातीय, क्षेत्रीय स्वायत्तता नै हुनुपर्छ । जुन आधारमा राज्यले उत्पीडन गरेको छ त्यसलाई अन्त्य गर्ने गरी राज्यको पुनःसंरचनाको आधार खोजिनुपर्छ । भाषा, जातीयता र क्षेत्रीयता यी तीनओटा शोषणको आधार भएकाले त्यसैको आधारमा प्रदेश निर्माण गरिनुपर्छ । राज्य पुनःसंरचना समितिले गरेका निर्णय पूरै ठीक नभए पनि मूलतः यो ठीक छ भन्ने हाम्रो धारणा छ । अहिले १४ प्रदेशको जुन खाका आएको छ, ती सबै हामीले धान्न सक्छौं कि सक्दैनौं भन्ने पक्ष विचारणीय छ । प्राविधिक पक्षबाट छलफल गर्दा संख्या घटाउनुपर्ने हुन सक्छ ।

इतिहासको उल्लेख गर्ने क्रममा सोचपत्रमा केही कञ्जुस्याइँ गरिएको छ । राज्य पुनःसंरचना गर्नका लागि १० वर्षे जनयुद्धको महत्वपूर्ण भूमिका रहेको छ । नयाँ युगको आवश्यकताअनुसारको राज्यको पुनःसंरचना गर्ने आधार तयार पार्ने काम जनयुद्धले गरेको हो । त्यसको पूरक सहरी आन्दोलन र मधेस आन्दोलन मात्र थियो । यो यथार्थलाई भुल्न हुन्न । प्रारब्ध या संयोगले माओवादीले जातीयता/जनीयताको काँचो शक्ति भेट्टाए भनिएको छ, तर यो संयोग मात्रै हैन ऐतिहासिक आवश्यकता थियो । त्यो ऐतिहासिक आवश्यकताको पूर्तिको वाहक माओवादी बन्यो ।

नेपाली सेना र माओवादी सेनाको सन्दर्भमा पुरानो सेनाको लोकतन्त्रीकरण र नयाँ सेनाको समायोजनद्वारा नयाँ सेना निर्माण गर्नु आजको आवश्यकता हो । र, त्यसले साँच्चिकै राष्ट्रिय हित गर्नेछ । यसमाथि पर्याप्त विमर्श भएको छैन । लोकतन्त्रको तेस्रो पक्ष, राष्ट्रिय अर्थ-नीतिको विकास पनि हो । कृषिप्रधान अर्थतन्त्रले राष्ट्रियतामाथि खासै योगदान दिन सक्दैन । राष्ट्रियता भनेको पूँजीवादी युगकै अवधारणा हो । पूँजीवादी बजारकै आवश्यकताले राष्ट्रियता पैदा भएको हो । राष्ट्रियता बलियो हुने हो भने अर्थतन्त्र बलियो हुनुपर्छ । त्यसैले अर्थ, औद्योगिक बजारहरूको आधार पनि राष्ट्रियतामा हुनुपर्छ । विकास र सही अर्थनीति भएमा राष्ट्रियता बलियो हुनसक्छ अन्यथा गरिबी, विपन्न वर्गले गर्दा खुकुलो राष्ट्रियता बन्न जान्छ । अर्को कुरा, भारतसँगको सम्बन्ध, खुला सीमा आदिले पनि राष्ट्रियताको सवाल त्यति सजिलो हुने देखिन्न । र, भारतविरोधी राष्ट्रियता हुनुका पनि ऐतिहासिक कारण छन् ।

संविधानको अन्तर्वस्तुको कुरा गर्दा गाँठो परेको मुद्दा लोकतन्त्रको ढाँचा कस्तो हुने भन्ने हो । संसदवादी शक्ति र माओवादी शक्तिले बाह्रबुँदे सहमतिदेखि यता तय गरेको यात्रा नयाँ राजनीतिक मूलधार सृजना गर्नका निम्ति थियो । त्यसैले सहमतिको तेस्रो बुँदामा 'नयाँ राजनीतिक मूलधार' भन्ने शब्दावली हामीले प्रयोग गरेका हौं । त्यहीअनुरूपको संविधान पनि बनाऔं भन्ने हाम्रो भनाइ हो । तर कुरा मिलिरहेको छैन । लोकतन्त्र व्यापक हुन्छ । संसदीय व्यवस्था लोकतान्त्रिक व्यवस्थाको एउटा अंग मात्रै हो । त्यसलाई आधार बनाउनुपर्छ भन्दा सहमति नबन्न सक्छ । हाम्रो भनाइ के हो भने हिजोको वेस्ट मिनिस्टर प्रणालीभन्दा माथि उठेको र हामी (माओवादी)ले परिकल्पना गरेको नयाँ जनवाद र समाजवादसम्म पनि नपुगेको बीचको प्रणालीमा सहमति हुनसक्छ ।

हाम्रो पार्टीले लोकतन्त्रको अलि विकास गर्नुपर्छ भन्ने कुरा राखेको थियो । त्यसबारे त्यति ध्यान दिइएन र त्यो त्यति छलफलमा पनि आएन । परम्परागत लोकतान्त्रिक विधिका अतिरिक्त नेपालले २१ औं शताब्दीको सुरुमा बनाउने नयाँ लोकतन्त्रको जुन ढाँचा छ, संरचना छ, त्यसमा केही विधि थप्नुपर्छ भनी हामीले भनेका थियौं । त्यहाँ राजनीतिक दलको रूपमा या राज्यको अंगको रूपमा संलग्न नभएका जो मान्छेहरू छन् उनीहरूको निरन्तर निगरानी, हस्तक्षेप भइराख्ने विधि पनि संस्थागत गरिनुपर्छ भन्ने धारणा राखेका थियौं । त्यसो भयो भने मात्र अहिलेसम्मको लोकतन्त्रभन्दा उन्नतस्तरको लोकतन्त्र हुन्छ । तर विधि कस्तो हुनुपर्छ भन्नेसम्म अहिले हामी पुगिसकेका छैनौं । त्यसलाई कसरी परिभाषित गर्छौं त्यो भन्न अहिले म सक्दिनँ । म अहिले जुन समितिमा छु त्यहाँ यो विषयलाई कुनै न कुनै ढंगले राख्नुपर्छ भनेर कुरा उठाउँदै आएको छु । सबै कुरा राजनीतिक दलले गर्नुपर्ने हो, तर सबै उनीहरूले मात्रै गर्न सक्छन् र गर्नुपर्छ भन्नु अतिवादी सोच हो जस्तो मलाई लाग्छ । किनकि तिनीहरू पनि तपाईं-हाम्रै समाजका तपाईं-हामीजस्तै चेतनाका उपज हुन् । ती हाम्रो चेतभन्दा माथि छैनन् । बरू कतिपय अवस्थामा त दुर्गुणयुक्त, प्रदुषणयुक्त पनि भएको देखिएको छ । त्यसैले राजनीतिक दलबाहेक अरूको भूमिका रहँदैन या हुँदैन भन्ने हैन । त्यस हिसाबले पनि मार्टिन चौतारीले नागरिकको हैसियतले निर्वाह गरेको यो भूमिका प्रशंसनीय छ । र, यो जारीरहोस् भन्ने म चाहन्छु ।

संविधानसभाले यस्तो गहन विषयमाथि भएको छलफललाई कसरी स्थान दिन्छ, अथवा बाहिर हुने छलफलहरू, आवाजहरू त्यहाँ कसरी मुखरित हुन्छन्, जनताले

चुनेर पठाएका हामी प्रतिनिधि सभासद्हरूको भूमिका के हुन्छ भन्नेबारे म आफैं पनि स्पष्ट छैन । किनकि त्यहाँ हामी सभासद्मध्ये कोही एकले पनि आफ्नो भूमिका र जिम्मेवारी ठीक ढंगले निभाएका छौं भन्ने मलाई लाग्दैन । प्रायः छलफलमा धेरैजसो कुर्सी खाली हुन्छन्, १५-२० कुर्सी मात्र भरिएका हुन्छन् । यसले नै कति गम्भीरताका साथ संविधानसभाले काम गरिरहेको छ भन्ने देखाउँछ ।

## १७ मल्ल के. सुन्दर, सांस्कृतिक आन्दोलनकर्मी

मेरो विचारमा इतिहासको सम्बन्धमा ययार्थ तत्व एउटा होला, तर त्यसलाई बुझ्ने, विश्लेषण गर्ने अवधारणा समय र व्यक्तिअनुसार परिवर्तन भइरहन्छ । सीकेजीले पृथ्वीनारायण शाहदेखि अहिलेसम्मको नेपालको इतिहासलाई मौलिक ढंगले विश्लेषण गर्नुभयो । त्यसमा मेरो केही भन्नु छैन । तर, नेपालीपन र नेपालीयको चर्चा गर्दाखेरि पृथ्वीनारायण शाहभन्दा अगाडि, जुन बेलादेखि नेपाल शब्दको प्रचलन या नेपाल राज्य (स्टेट) अस्तित्वमा आएको थियो, त्यहाँसम्म पुग्नुपर्थ्यो । कौटिल्यको अर्थशास्त्रदेखि इलाहाबादको स्तम्भ, नेपाल मण्डल, नेपाल खाल्डो, नेपाल उपत्यका जस्ता पक्षहरू र तिनको योगदानहरूको पनि उल्लेख गर्नुपर्थ्यो ।

अर्को, नेपाल जस्तो बहुलता भएको विविधतायुक्त समाजमा हामी सबैको पहिचान पनि बहुल छ । यस्तो बहुपहिचान भएको नेपाली समाजमा एउटा साझा पहिचान निर्माण गर्ने उपयुक्त तरिका के हो ? यस्तै, बहुपहिचान भएको नेपाल जस्तो समाजमा साझा राष्ट्रिय पहिचान निर्माण गर्नको लागि कुन पक्षको महत्ता (भार) बढी हुनुपर्छ : भौगोलिक पहिचानको, सांस्कृतिक सम्पदाको, सामाजिक अर्थशास्त्रको, या राज्यपक्षको ? यो कुरा नेपालीयताको खोजी गर्दा स्पष्ट रूपमा आउनु पर्छ । नेपालीयलाई स्थापित गर्नका लागि पद्धति र प्रक्रिया के हो ? पत्रिया र पद्धतिको कुरा स्पष्ट भइसकेपछि त्यसका पक्षधरहरू को को हुन् ? यी कुराहरूबारे पनि सोचपत्रले स्पष्ट पार्नुपर्छ जस्तो मलाई लाग्छ ।

## १८ डा. मुक्त सिंह तामाङ, त्रिभुवन विश्वविद्यालय

नेपाली पहिचान अथवा नेपालीपन निर्माण गर्दा मुसलमान र फिरंगीसँग 'कन्ट्रास्ट' गरेर असली हिन्दुस्थानाको कल्पना गरिएको चर्चा सोचपत्रमा छ । नेपालीपनको निर्माण गर्दा बाह्य समूह मात्र होइन कि आन्तरिक रूपमा नेपालका अन्य सामाजिक समूहहरूसँग पनि 'कन्ट्रास्ट' गरिएको हुनुपर्दछ । जस्तो, यहाँका प्रजा आदिवासीहरू या जनजातिहरू जो मतवाली हुन्, उनीहरूसँग, भोटेसँग । त्यो 'कन्ट्रास्ट' जुन तरिकाले निर्माण भयो त्यसले विरोधको आधारशीला, संरचना पनि तयार गऱ्यो । तसर्थ, खालि बाहिर मात्र नहेरेर भित्र पनि हेर्नुपर्छ होला ।

एथनिसिटीलाई सोचपत्रमा जनीयता भनिएको छ । एथनिसिटी जैविक (बायोलजिकल) अथवा 'इसेन्सियल' नहुन पनि सक्छ । अन्य कुरा जस्तै जनीय पहिचान पनि एक किसिमले सृजित (कन्स्ट्रक्टेड) हो भन्ने तर्क मानवशास्त्रीहरू गर्छन् । किनभने पहिचान निर्माण हुनमा जैविक मात्र नभई भाषा, नातासम्बन्ध, संस्कृति, सामाजिकीकरणको पनि महत्वपूर्ण भूमिका रहन्छ । त्यसमा रगत र नश्ल पनि जोडिएर आउँछ । युरोपलाई हेर्ने हो भने एथनिसिटी या जनीयता नै राष्ट्र (नेशन)को रूपमा आएकाले त्यहाँ जटिलता अलि कम भएको हो । राष्ट्र नै राज्य बनेकाले झन् समस्या कम भयो । र, यसको ठूलो प्रभाव रह्यो । तर युरोपमै पनि बेलायतको इतिहास अलि भिन्न छ । त्यहाँ वेल्स, स्कटिस, आइरिस तीनओटा जनीय समूह एक ठाउँमा आएर इङलिश नेशन बनेको पाइन्छ ।

राष्ट्र बन्ने दुइटा प्रक्रिया देखिन्छ । एउटा जबर्जस्ती घुलन (एसिमिलेसन) र अर्को बेनेडिक्ट एण्डरसनले भनेको जस्तै कल्पित समुदायको रूपमा । नेपालको उदाहरण अलि फरक छ । नेपालमा पञ्चायतकाल अगाडि एसिमिलेसन प्रक्रियालाई कानुनतः जबर्जस्ती रोकियो । मुलुकी ऐनले सो दुई तरिकाले गरेको देखिन्छ । एउटा, जातीय श्रेणी निर्माण गरेर । दुई भिन्न श्रेणीका समूहबीच वैवाहिक सम्बन्धलाई पनि रोकिएको थियो, दण्डसजायको व्यवस्था थियो, जसले एसिमिलेसन प्रक्रियालाई रोक्यो । अर्को, शासक जाति र प्रजा जाति भनेर छुट्ट्याएर उक्त प्रक्रिया हुन दिइएन । पञ्चायतकालमा एसिमिलेसनलाई अगाडि त बढाइयो, तर एउटा समूहलाई नमुना (मोडल) मानेर एसिमिलेसन हुनुपऱ्यो, जसले विभिन्न आन्दोलन, विद्रोहहरूलाई जन्म दियो । र, वास्तवमा अहिले नेपालीपनको छलफलको आवश्यकता

पर्नुमा विभिन्न आन्दोलनहरू – जनजाति आन्दोलन, दलित आन्दोलन, मधेस आन्दोलन, आदि – प्रमुख कारक हुन् ।

सोचपत्रमा पुराना प्रतीकहरूलाई नयाँ माने दिंदै जानुपर्छ भन्ने वकालत गरिएको छ । सो दलिल रोचक हुँदाहुँदै पनि त्यसको सम्भाव्यताबारे यथेष्ट प्रश्न उठ्छ । अहिले नागरिक सर्वोच्चता, नागरिकताको कुरा उठेका छन् । त्यस्तै, भाषिक-सांस्कृतिक अधिकार, समानताको माग छ । यी यावत कुराहरूको निर्क्योल नगरी राष्ट्रियताको कुरा गर्न सकिँदैन । मुख्य कुरा, विविधतासहितको समानता हाम्रो नयाँ राष्ट्रियताको आधार हुनुपर्छ । विविधतालाई दर्साउने प्रतीकहरू कस्तो हुनुपर्छ, कस्तो हुनसक्छ भन्ने प्रश्न आउँछ । यो सीकेजीले भन्नुभएको जस्तो भावको कुरा हो । अब नेपालको राष्ट्रिय झण्डाको चन्द्र-सूर्य, नीलो र रातो रंगलाई नयाँ व्याख्या र परिभाषा गरेरै सम्भव हुन्छ कि विविधतालाई दर्साउने खालको कुनै छुट्टै निर्माण गर्नुपर्ने हुन्छ ? पुरानै प्रतीकलाई नयाँ भाव दिनु मात्रै पर्याप्त हुँदैन । नयाँ प्रतीक पनि बनाउनुपर्छ । त्यसो गर्दा विविधतालाई त्यही एउटै प्रतीकले समेट्न पनि सक्छ ।

## १९ डा. रमेशकुमार ढुंगेल, नेपाल र एशियाली अनुसन्धान केन्द्र

सैद्धान्तिक हिसाबले यस सोचपत्रमा तीन कुराको प्रयोग गरिएको देखिन्छ, यद्यपि पर्याप्त सन्दर्भ स्रोतहरू (साइटेसन) दिइएको छैन । ज्याक डेरिडाको विनिर्माणवाद (डिकन्स्ट्रक्सन) को विषयलाई राम्ररी प्रयोग गरिएको छ । उत्तरआधुनिकतावाद र त्यसको दर्शनलाई मडारेर मन्थन गर्न र प्रयोग गर्न खोजिएको छ । डेरिडाको सन्दर्भमा कुरा गर्दा सुरुमा उनको सैद्धान्तिक धारका पक्षधर र विपक्षी दुबै समूह देखापरेका थिए । उनका विपक्षीले उनलाई आतंककारीको व्याख्याकारसम्म पनि भने । अर्काथरीले प्राज्ञिक बहस मात्र भएकाले त्यसले कुनै विशेष हानिनोक्सानी गर्दैन भन्ने तर्क गरे । त्यस्तो समस्यामूलक र विवादास्पद मानिएको सिद्धान्तलाई यो सोचपत्रमा प्रयोग गरिएको छ ।

सोचपत्रको विषयवस्तु केलाउँदा विषयगतता (सब्जेक्टिभिटी) र वस्तुगतता (अब्जेक्टिभिटी)को कुरा जोडिएर आउँछ । राष्ट्रियताको सन्दर्भमा भूगोलको या

सीमाको जुन विषय हामीकहाँ उठिरहेको छ त्यसको सम्बन्ध प्रायः अब्जेक्टिभिटीको सिद्धान्तसँग हुन्छ । त्यो नागरिक राष्ट्रवाद (सिभिक नेशनलिजम्) को कुरा हो । अनि, जातीय कुरा उठ्नु भनेको जातीयताको संस्कृति (एथ्नो-कल्चरल)को प्राधान्यको कुरा हो । एउटै राजनीतिक दल तथा समूहभित्रबाट पनि परस्पर बाझिने कुरा आइरहेको अवस्थामा हामीले समाउने बाटो विषयगत या वस्तुगत कुन हो भन्ने प्रश्न उठ्छ । उत्तरआधुनिकतावादमा विषयगत कुरा आउँछन् । यसले मार्क्सवादी विचारलाई त्यति सहज रूपमा स्वीकार गर्न दिंदैन । अर्कोतर्फ, विनिर्माणको काम चाहिं भएको छ त भन्ने प्रश्न पनि उठ्छ । आफ्नो इतिहास आफैंद्वारा लेखिनु पर्ने भए तापनि त्यसो हुन नसकेको अवस्थामा बाहिरियाले देश, समाज वा स्थानको इतिहास गलत लेखेका छन् भन्ने अनुमानमा नेपाल र नेपालीप्रतिको बुझाइलाई विनिर्माण गर्नुपर्दछ भन्ने सिलसिलामा यो विचार अगाडि बढेको देखिन्छ । तर, नेपालको सन्दर्भमा देश र समाजको अध्ययन र बुझाइमा धेरै कुराको प्रारम्भिक निर्माण हुनै बाँकी छ ।

उदाहरणका निम्ति, खसहरूको उद्‌भव र तिनले नेपाल निर्माणमा खेलेको भूमिकाबारे राम्ररी अध्ययन भएको छैन । मष्टो पूजा गर्ने खसहरू कैलाश मानसरोवर तर्फबाट जुम्लातर्फ पसेका बलिया ऐतिहासिक प्रमाण प्राप्त भैसकेका छन् । तर नेपालका खसहरू (बाहुन-क्षत्री लगायत) आ-आफ्नो झोला टिपेर नेपाल पसेका हुन् भन्ने इतिहाससम्मत नभएका विचार हाबी छन् । यस्तो व्याख्या कसरी नेपालको तथ्यपूर्ण सामाजिक इतिहास हुन सक्दछ ? त्यसैगरी, तराईको इतिहास, तराई र उपत्यकाबीचको पुरानो सम्बन्धको इतिहास लेख्ने र बुझ्ने काम पनि भएको छैन । हामीलाई थाहा छ, जयस्थिति मल्ललाई तिरहुतको पतनपछि तराईतर्फबाट ल्याइएको हो । उनले यहाँको परम्परागत चाल-चलनलाई स्वीकार गरे, तर उपत्यकालाई कर्नाटवंशको राज्यको भनेर घोषणा गर्न सकेनन् ।

त्यसैगरी, 'नेप' जातिका विषयमा पनि संक्षेपमा चर्चा गर्नु यहाँ सान्दर्भिक हुन्छ । लामो अध्ययन-अनुसन्धानपछि इतिहास अन्वेषकहरूले 'नेप' भन्ने प्राचीन मानव समुदाय रहेको, सो किरातहरूसँग सम्बन्धित रहेको, र सोही नेपबाट नेपाल बनेको हो भन्ने निश्चित गरेका छन् । लिच्छविपछि यहाँ मल्लहरूको अभ्युदय भयो । उनीहरूले पनि नेपालाधिपति, नेपालेश्वर, नेपालमण्डलेश्वर जस्ता विशेषण प्रयोग गर्दै नेपाल नामलाई अपनाए । त्यसपछि गोरखालीहरूले शासन गरे । तिनले पनि नेपाललाई गोरखा राज्य नभनेर नेपाल नै भने । भारतस्थित कम्पनी सरकारका कारण मात्र गोरखा नामको आधिपत्य भएको हो । त्यतिखेर साम्राज्यवादी अंग्रेजसँग

जुध्न सक्ने शक्ति गोरखाली थियो, र उनीहरूले थुप्रै लडाइँ पनि लडेका थिए । त्यसैले, गोरखाली शक्तिको भूमिका रूपमा नेपाल र नेपालीलाई अंग्रेजले चिन्ने, चिनाउने गरेका हुन् ।

पृथ्वीनारायण शाहको सन्दर्भमा यो सोचपत्रमा झन् ठूलो समस्या छ । उनले आफूलाई हिन्दूको शासक भनेको र नेपाललाई असली हिन्दूस्थाना भनेको कुरामा दोषपूर्ण बुझाइ छ । उनी आफू 'हिन्दूका शासक' वा 'नेपाल हिन्दूहरूको मात्र' भन्ने अर्थमा त्यो उल्लेख गरिएको होइन । नेपाललाई असली हिन्दूस्थाना भन्नाको खास अर्थ मूल हिन्दूस्थान (वर्तमान इण्डिया) बाह्य, विधर्मी अंग्रेज शासकको पञ्जामा पुगेकाले हिन्दूस्थानका हिन्दू, मुस्लिम, बौद्ध सबैको शिर जमिनसम्म निहुरिनु परेको छ भन्ने हो । 'दक्षिणको वादशाह महाचतुर छ, हिन्दूस्थाना दबाइरहेछ, सर जिमिमा परिरहेछ' भनेको त्यही हो । हिन्दूस्थान गुमेको अवस्थामा भएकोले त्यहाँ सबैखाले स्थानीय परम्परा र संस्कृतिसमेत रहन नसक्ने हुँदा नेपालमा मात्र यस महाद्वीपका स्थानीय परम्परा र संस्कृति बचेको र बच्न सक्ने अवस्था छ भन्ने आशय उनको हो ।

नेपाल राज्य खडा गरिसकेपछि पनि यस क्षेत्रमा विकसित परम्परा सबैको जगेर्ना होस्, कसैलाई पनि अन्याय नहोस् भन्नेमा पृथ्वीनारायण सचेत देखिन्छन् । उनले अंग्रेजको चपेटामा परेका, धपाइएका, हिन्दूस्थानभित्र बसोबास गर्ने र त्यहाँका पुराना परम्परा, चालचलन मान्ने हिन्दू, बौद्ध तथा मुसलमानसमेत सबैलाई र नेपालका विविध जनसमुदायलाई नेपालभित्र राम्रोसँग सुरक्षासाथ जीवनयापन गराउन सकिने आशय व्यक्त गरेका छन् । त्यसै हुनाले क्रिश्चियनबाहेक मुसलमानसमेत सबैलाई उनले स्वीकारेको देखिन्छ । यसरी समग्र दक्षिण एसियाकै क्षेत्रीय नेता (रिजनल लिडर)का रूपमा पृथ्वीनारायण शाह खडा भएको देखिन्छ । र, उनको विचार भौगोलिक राष्ट्रियता (टेरिटोरियल नेशनलिटी)को नजिक देखिन्छ । उनका विचारहरूको अपव्याख्याले विभिन्न भ्रमहरू सृजना भएका हुन् ।

आधुनिक नेपालको निर्माणको जग बसाल्ने पृथ्वीनारायणले 'नेपाल भन्याको प्रकृतिले बनायाको किल्ला रह्या छ ...' भनेका छन् । उनले गोरखा नामलाई नेपालको पर्यायसमेत सम्झेको देखिँदैन । गोरखाको नाम लिनैपर्ने अवस्थामा 'यो राजे दुई ढुंगा बीचको तरूल रह्या छ' भनेर नाम नलिइकनै टारेको देखिन्छ । यसरी राज्य जितेर पनि उनले यो देशको गोरखा नाम राखेनन् । आखिर किन उनले त्यसो गरे ? खोइ आवश्यक इतिहासको प्रारम्भिक मात्र पनि निर्माण भएको ? जति शासक आए, गए पनि नेपाल र नेपाली नाममा किन पटक्कै प्रश्न उठेन ? तर अहिले यो

सोचपत्रले झैं ठाउँ-ठाउँबाट यसबारे प्रसंग उठाउने, प्रश्न गर्ने जमर्को गर्न थालिएको छ । नेपाली भन्ने विशेषणात्मक नाम र नेपालीपनको विनिर्माण गरेर 'नेपालीय' भन्ने नयाँ नामको निर्माण गर्ने, एउटालाई फालेर अर्कोलाई राख्नुपर्ने खालको विचारको आवश्यकता किन पऱ्यो ? बुझ्न कठिन छ । 'नेपालीपन'को कुरा गर्न सकिन्छ, तर यसलाई 'नेपालीय'ले विस्थापन गर्न आवश्यक छैन ।

सोचपत्रमा उठाइएका विषयमध्ये 'नेपाली नेवार' कि 'नेवार नेपाली' भन्ने पहिचानको विषय प्रमुख र जटिल छ । सैद्धान्तिक हिसाबले राष्ट्रियताको सन्दर्भमा यो 'एथ्नो कल्चरल' कुरा हो । आइरिस अमेरिकन जस्तो ठ्याक्कै मिल्ने पहिचानको प्रसंग नेपालको सन्दर्भमा उपयुक्त हुँदैन । अमेरिका स्वतन्त्र हुँदा अर्थात् संयुक्त राज्य अमेरिकाको रूपमा एउटा गणतन्त्रात्मक संघीय राज्य खडा हुँदाका बखत आइरिस अमेरिकन भन्ने पहिचान मान्य र सहज हुन सक्दथ्यो किनभने त्यसअगाडि अमेरिका भन्ने कुनै स्वतन्त्र राज्यको अस्तित्व थिएन । नेपालमा गणतन्त्रात्मक संघीय राज्यको अवस्था आउँदा आधुनिक एकीकृत नेपालको स्वतन्त्र अस्तित्वको इतिहास २४० वर्षभन्दा बढी पुगिसकेको थियो । त्यसैले, बाहिरको परिवेशमा प्रयोग गरिएको सिद्धान्तलाई यहाँ सर्लक्क राख्न गाह्रो छ, र मिल्दैन पनि ।

यसै सन्दर्भमा जंगबहादुरको युरोप यात्राको एउटा घटना महत्वपूर्ण छ । उनी बेलायत जाँदा सौगातस्वरूप नेपालका तराई र हिमालका अनेकथरी सामान लिएर गएछन् । भिक्टोरिया महारानीका दरबारका अधिकारीहरूले तराईका वस्तुलाई भारतका चीजबीज र हिमालकालाई तिब्बतको भनेर नेपाली चिनोबारे सोधखोज गरे । त्यसपछि उनले उपत्यकाका नेवार समुदायका उत्पादन र पहाडका नाम्लो, डोको, ठेकी जस्ता सामान मगाएको फेहरिस्त नेपाली इतिहासका अन्वेषकले प्रकाशित गरिसकेका छन् । यस्तो व्यावहारिक समस्याको इतिहास छ, नेपालमा । त्यसैले, निर्माण नै नभएको अवस्थामा विनिर्माणको काम गर्दा समस्या अझै थपिन्छ भन्ने लाग्छ । नेपाल र नेपाली नामसँग प्रश्न गर्ने र त्यस्ता नामको विनिर्माण गरी 'नेपालीय' जस्ता नामको थालनी गर्ने कुरा स्वीकार्य हुन सक्दैन । यस्तो कार्यले नेपाल र नेपाली राष्ट्रियताको जगेर्ना गर्न सघाउँदैन, न यसले बहुसंस्कृतिको बिटोको रूपमा बाँधिएको र विकसित भएको नेपालको सामाजिक-सांस्कृतिक तथा राजनीतिक अवस्थालाई नै सकारात्मक टेवा दिन्छ ।

राष्ट्रिय विभूतिहरूबारे धेरै अघिदेखि बहस हुँदै आएको हो । यस्ता कुरा कतिपय भावनासँग जोडिएका हुन्छन् भने कतिपय वास्तविकतासँग । बुद्धको प्रसंगमा कुरा

गर्दा जंगबहादुरको कूटनीतिक चातुर्यले बुद्धको जन्मस्थल लुम्बिनी नेपालको सीमाभित्र रहन सकेको कुरालाई भुल्न सकिँदैन । उनले भारतस्थित बेलायत सरकारबाट पश्चिम नेपाल (तराई) का गुमेका भू-भाग फिर्ता ल्याउने क्रममा स्तम्भहरू खडा गरी नेपाल-भारतबीचको सीमा व्यवस्थापन गरेकैले लुम्बिनी नेपालअन्तर्गत परेको हो । यो कार्य डा. फ्युरर-हाइमेनडर्फ र खड्ग शमशेरले लुम्बिनी बुद्धको जन्मस्थल हो भनेर पत्ता लगाउनुभन्दा ५० वर्षअघि नै भैसकेको थियो । विभूतिकै कुरा गर्दा अरनिको र सीतालाई आधुनिक नेपालको विभूति मान्न अप्ठेरो हुन्छ कि ? किंवदन्तीका पात्रलाई राष्ट्रको विभूति बनाएर कसरी राष्ट्रियताको निर्माण गर्ने भन्ने प्रश्न विचारणीय छ ।

## २० वसन्त थापा, हिमाल एसोसिएसन

राष्ट्रियताको कुरा गर्दा दुइटा प्रश्न महत्वपूर्ण छन् : एउटा राष्ट्रियता भनेकै के हो ? र अर्को, नेपाली राष्ट्रियता भनेको के हो ? सीके लालले भन्नुभएको कुरासँग म सहमत छु- राष्ट्रियता स्थिर कुरा हैन । उदाहरणका लागि सन् १९४० मा जन्मेको कुनै काल्पनिक मानिस जन्मदाखेरि ब्रिटिश इण्डियाको नागरिक थियो । अगष्ट १९४७ पछि पाकिस्तान बन्यो, ऊ पाकिस्तानी नागरिक भयो । सन् १९७१ पछि बंगलादेश निर्माण भयो, ऊ फेरि बंगलादेशी नागरिक भयो । उसको राष्ट्रियता अब के हो त ? आफ्नो सत्तरी वर्षको जीवनकालमा उसका तीनओटा राष्ट्रियता परिवर्तन भए । त्यस्तै, सन् १९७५ मा सिक्किम भारतमा विलय भएपछि सिक्किमेलीहरू भारतीय भए । त्यसैले राष्ट्रियता कुनै राज्यसत्ता, भू-भागसँग पनि सम्बन्धित कुरा हो । भोलि नेपाल कुनै देशसँग गाभियो भने नेपाली नागरिकको राष्ट्रियता त्यो गाभिएको देशसँग हुन्छ । राष्ट्रियता, तसर्थ, समयले परिवर्तन गर्ने कुरा हुँदो रहेछ ।

दोस्रो प्रश्नको कुरा गर्दा नेपाली राष्ट्रियताको मात्रै नभएर सबै राष्ट्रियतामा साझा कुराहरू जस्तै प्रतीक, चिह्न, व्यक्तित्वहरू हुन्छन् । ती आफसेआफ बनेका या देवप्रदत्त, ईश्वरीय कुरा हैनन्, सोचेर विचारेर निर्माण गरिएका हुन् । चाहिंदो रहेछ भनेर नै हामीकहाँ पनि राष्ट्रियता निर्माणका प्रयास भएका हुन् : हामीले पनि राष्ट्रियताको कुरा गऱ्यौं, भाषाको कुरा गऱ्यौं । तर, अब अहिलेको बदलिएको परिस्थितिमा ती प्रयास अपूर्ण भए । तिनले सबैलाई समेट्न सकेनन् । जस्तो, लेकमा फुल्ने गुराँस राष्ट्रिय फूल भनियो, जसलाई समतल भू-भागका वासीहरूले

देखेका पनि हुँदैनन् । तथापि, त्यसबेला एउटा मानक खडा गरियो । त्यसलाई गलत नभनौं, प्रयास ठीक थियो । खाली अहिलेको अवस्थामा ती अपूर्ण भए । अब हामी नयाँ 'आइकन'को खोजीमा छौं ।

यति भनेपछि, नेपाली राष्ट्रियता कहाँ गएर हुन्छ भन्ने कुरा मलाई पनि थाहा छैन । किनकि राष्ट्र कस्तो अवस्थामा रहन्छ त्यो म भन्न सक्दिनँ; म राजनीतिक पण्डित होइन । तर मलाई के लाग्छ भने, नेपाल खण्डखण्डमा विभाजित भए पनि, टुक्रिए पनि, अरू कोहीसँग विलय भए पनि एउटा कुरा रहन्छ । त्यो हो नेपालीपन । र, त्यो नेपालीपनको आधार, मलाई विश्वास छ, नेपाली भाषा हुनेछ । हामीलाई साझा तरिकाले बाँध्ने कुनै डोरी हुन्छ भने त्यो नेपाली भाषा हुन्छ । दिवंगत महेशचन्द्र रेग्मीसँग मैले एक पटक सोधेको थिएँ : 'पृथ्वीनारायण शाह भक्तपुरका राजाका मितछोरा रे, यहाँ आएर उनकै घरमा बसे रे, केही समय । उनीहरू के भाषामा बात गर्थे, रेग्मीजी ?' उहाँले आँखा पनि नझिम्काइकन भन्नुभयो : 'नेपाली' । रोचक छैन त ? मल्लकालमा सामान्यतयाः कामकाजी भाषा मैथिली हुन्थ्यो, तर बोलचालमा नेवारी वा नेपाल भाषा प्रचलनमा थियो । गोर्खाका एकजना पहाडी आए, उनीसँग नेपाली भाषामा संवाद भयो । तसर्थ, नेपाली भाषाको धेरै लामो व्यावहारिक इतिहास छ ।

अहिलेको जुन नेपाली भाषा छ त्यो विभिन्न ऐतिहासिक कालमा विभिन्न नामबाट चिनिँदै आयो । ब्रिटिशकालमा पत्रिका निकालिन्थे – *गोर्खे खबर कागत, गोर्खाली,* आदि । पर्वते पनि भनिन्थ्यो यसलाई । नेपाली भाषा प्रकाशिनी समितिभन्दा पहिले गोर्खा भाषा प्रकाशिनी समिति थियो । *गोरखापत्र* त्यसै आएको हैन । समयकाल अनुसार परिवर्तन हुँदै आज नेपाली भाषा भएको छ । तर हाल यसको हुर्मत लिनलाई खस भाषा, यो भाषा, त्यो भाषा भनिँदैछ । मलाई लाग्छ, यो एउटा संकीर्णताको अभिव्यक्ति हो ।

आज पहिचानको राजनीति छ । सबैको जातीय पहिचानको कुरा उठिरहेको छ । यसमा हामी यद्यपि नेपाली बोलौं, तर 'होइन मेरो मातृभाषा त फलाना हो, ढिस्काना हो' भनिरहेका छौं । हामी झगडा गर्छौं, वादविवाद गर्छौं, पाखुरा सुर्किन्छौं, तर जेमा वादविवाद गरे पनि नेपाली भाषामै कुरा गरिरहेका छौं । विश्वका जुनसुकै ठाउँमा बसेका नेपाली भए पनि उनीहरू एकापसमा नेपाली भाषामै बोल्छन् । म एकपल्ट कोरियामा पुगेको थिएँ । त्यहाँको नेपाली समुदाय सानो छ, तर त्यहाँ ६१ ओटा नेपाली संघसंस्था रहेछन् । नेपालमा जति जाति छन्, त्यति नै संघसंस्था ।

कहाँसम्म भने माथिल्लो मनाङ र तल्लो मनाङ भन्ने संस्था पनि रहेछ । तथापि, उनीहरू के भाषा बोल्छन् भन्दा नेपाली भाषा नै बोल्छन् । तसर्थ, राष्ट्र नरहे पनि नेपालीपन रहिरहन्छ, जुन नेपाली भाषासँग जोडिएर रहन्छ ।

नेपालीपन, नेपाली जातीयताको प्रवर्द्धनमा दार्जिलिङ अथवा प्रवासमा भएकाहरूको ठूलो भूमिका रह्यो । उनीहरूले समग्र नेपाली समुदायलाई 'नेपाली जाति' भने । आज नेपालमा जाति र जातको भाषान्तर भएको छ । पुरानो अर्थ गुमेको छ । उहिले, प्रवासमा सूर्यविक्रमहरूले, धरणीधरहरूले भाषिक प्रवर्द्धन गरे । 'आइकन'हरू खडा गरे । बलभद्रलाई वीर बलभद्र भने, भानुभक्तलाई जातीय कवि भने । तर त्यहाँ जाति भनेर समग्र नेपाली समुदायलाई इंगित गरिएको थियो । तर अहिले त्यहाँका नेपाली भाषीहरूलाई नेपाली भनिरहँदा नेपालका नागरिक हुन् कि भन्ने समस्या पऱ्यो । तसर्थ, पृथक् हुनुपर्छ भन्ने हिसाबले गोर्खा नाम ग्रहण गरे । राजनीतिक रूपमा हामी नेपालबाट पोसिएका, उक्साइएका होइनौं, बेग्लै हौं भन्ने देखाउन हामी गोर्खा हौं भन्नुपऱ्यो उनीहरूलाई । तर यति हुँदाहुँदै पनि हामीले उनीहरूसँग कुराकानी गर्दा नेपाली भाषा नै चल्छ । उनीहरूले आफ्नो परिचय दिंदा के भनेर चिनाउँछन् ? 'म नेपाली हुँ ।' हो, नेपाली अगाडि दार्जिलिङे, सिक्किमे या आसामे भन्लान्, तर नेपाली भन्छन् उनीहरूले ।

अर्को उदाहरण : नारायण गोपाल नेपाली गायक हुन् । नेपाली भाषामा गीत गाएको हुनाले उनको त्यो चिनारी बन्यो । नारायण गोपालले गाएको गीतको संगीतमा नेपाली भाषा झिकेर हिन्दी, तामिल, कन्नड जुनसुकै भाषा हाल्नुस् त्यो त्यस्तै सुनिन्छ । हिन्दी, तामिल संगीतमा उनीहरूको भाषा झिकेर नेपाली भाषा हाल्नुस्, त्यो सर्लक्कै हाम्रो जस्तो लाग्छ । त्यसैले जयदेव भन्ने भारतीय संगीतकारले माइतीघरको संगीत भर्छन्, आशा भोस्ले, लता मंगेसकर गाउँछन् । त्यो संगीतलाई ए त्यो भएन, भारतीय भयो त भनेनौं नि । सबैका लागि आधुनिक संगीत एउटै हो । मात्रै एउटा विभेद छ, भाषाको । तसर्थ, मेरो मान्यता के छ भने राष्ट्रको स्थिति राजनीतिसँग जोडिएको छ । तर नेपालीपनको स्थिति भाषासँग जोडिएको छ । नेपाल कतै विलय भयो भने नेपाली भाषीले रातारात जिब्रो फेर्दैन । नेपालीपनको एउटै चरित्र नेपाली भाषा हुन्छ ।

अर्को कुरा, सोचपत्रमा शाहवंशी राजालाई मगरका सन्तान हुन् भनेर केही गाथाकारले भनेको उल्लेख छ । गाथाकारहरू भनेको गीत गाइहिंड्ने गाइनेहरू (बार्डहरू), आख्यानकारहरू हुन् । गाथाकार भन्दाखेरि कताकता कल्पनाको कुरा हो

कि भन्ने हुन्छ । तर यो कुरा गाथाकारले मात्र होइन, अनुसन्धाताहरूले समेत भनिरहेका छन् । उदाहरणको लागि डोरबहादुर विष्ट नै छन् । डेभिड गेल्नरले बकाइदा *कान्तिपुर* दैनिकमै अन्तर्वार्ता दिएर ज्ञानेन्द्रले अब शाहदेव मगरनाम लेख्नुपर्छ भने ।

सीके लालका सृजनामा मैले विशेष ध्यानपूर्वक हेर्ने कुरा उहाँको भाषा हो । भाषाकर्मी भएकोले मलाई त्यसमा रुचि र सरोकार छ । खास गरी अंग्रेजी शब्दावलीलाई उहाँले नेपालीमा कसरी रूपान्तरित गर्नुहुन्छ भन्नेमा ध्यान दिन्छु । यो सोचपत्रमा नेपालीपन, नेपालीय, नेपालीत्व गरी तीनओटा शब्दको प्रयोग भएको छ, जसलाई अंग्रेजीमा उल्था गर्ने हो भने सबैको 'नेपालीनेस' मात्रै हुन्छ । अंग्रेजीको एउटा 'नेस' नेपालीमा कसरी तीनवटामा विभाजित भयो त्यो उहाँले बुझ्ने, पर्गेल्ने कुरा हो । नेपालीमा पारिभाषिक शब्दहरूको अभाव छ, जुन पूर्ति गर्न उहाँले आफ्ना लेखहरूमा निरन्तर प्रयास गरिरहनुभएको छ । उहाँका ती प्रयोगमा सहमति जनाउन पनि सकिन्छ, र विमति जनाउने ठाउँहरू पनि त्यत्तिकै छन् ।

## २१ डा. विश्वम्भर प्याकुऱ्याल, त्रिभुवन विश्वविद्यालय

अहिले हामी राज्य पुनःसंरचनाको विषयमा बहस गरिरहेका छौं । प्रायःले यसलाई राजनीतिक पुनःसंरचनाको रूपमा मात्र बुझेको, व्याख्या गरेको पाइन्छ । राजनीतिक पुनःसंरचना सँगसँगै आर्थिक पुनःसंरचनाको कुरा भइरहेको छैन । संविधान निर्माणको कामसँगै आर्थिक पुनःसंरचनाको खाका पनि आउनुपर्ने थियो ।

नेपालका ६० प्रतिशत जिल्लाहरूले आफूलाई आवश्यक पर्ने स्रोतसाधनको ५ देखि १० प्रतिशत मात्रै आर्जन गर्छन् । बाँकी स्रोत केन्द्रले बेहोर्छ । हामी संघीयतामा जाने निश्चितप्रायः भएको अवस्थामा प्रदेश, या राज्यहरूलाई आ-आफ्ना आर्थिक, प्राकृतिक स्रोतहरू उपयोग गर, खाऊ भनेर छाडिदिंदा तिनीहरू आर्थिक रूपमा सबल इकाइ बनाउने कुराको सुनिश्चितता कसरी गर्ने भन्ने प्रश्न महत्वपूर्ण छ । मेरो विचारमा, सांस्कृतिक पक्षहरू, राजनीतिक मुद्दाहरू मात्र राष्ट्रियताभित्र पर्ने होइनन्, त्यहाँ आर्थिक पक्ष पनि पर्छ । अर्थशास्त्र मेरो विषय भएकाले यो पत्रमा अर्थको कुरा पनि लेखेको छ कि भनेर केलाएँ, तर उल्लेख्य पाइनँ । अन्य पक्षमा मेरो ज्ञान नभएकाले म आर्थिक पक्षतर्फ मात्रै मेरो ध्यान केन्द्रित गर्दछु ।

लिच्छविकाल, मल्लकाल, राणाकालदेखि शाहकाल, प्रजातान्त्रिक युग र अहिलेको संघीय युगको समेत सोचपत्रमा चर्चा छ तर यी विभिन्न कालखण्ड बीचको सेतु (लिंकेज) राम्ररी स्थापित भएको छैन । र, जति पनि आर्थिक पक्षबारे चर्चा भएको छ, त्यसलाई थप व्याख्या, विस्तार गर्न आवश्यक देख्छु । जस्तो, लिच्छवि कालको भूस्वामित्वको कुरादेखि रैकर, गुठी, बिर्ता, कर, आयात-निर्यात, उद्योग वाणिज्य आदि नीतिले तत्कालीन जनजीवनमा पारेको प्रभाव के हो ? त्यस्तै, जयस्थिति मल्लले समाजलाई गरेको वर्गीकरण र नाप-तौलको व्यवस्था, एवं मूल्य तोक्ने कुराहरूको प्रभाव कस्तो पऱ्यो ? २००४ सालको पद्म शमशेरकालीन संविधानले आर्थिक प्रणालीमा रूपान्तरण गर्ने प्रयास गरेको, तर राज्यको सम्पत्तिलाई पारिवारिक सम्पत्तिका रूपमा लिइएको हुनाले त्यो असफल भयो भन्ने सोचपत्रमा उल्लेख छ । यो तर्क रोचक छ । पद्म शमशेरले सबैका लागि समान कानुन, बालिग मताधिकार, वाक् स्वतन्त्रता, निःशुल्क प्राथमिक शिक्षा, आदि नीति ल्याउन खोजेकाले उनी सुधारवादी देखिन्छन् । त्यही कारणले उनी पदच्युत गरिए र संविधान पनि राम्ररी लागू हुन पाएन । त्यसैले, सम्पत्तिको पारिवारीकरण भयो भनेर मात्रै छाडिदिंदा सिक्काको अर्को पाटो छुट्न जाने हुनाले थप व्याख्या आवश्यक देखिन्छ ।

सोचपत्रमा जंगबहादुरले नेवारहरूमार्फत ब्रिटिश इण्डियामा लगानी गरेको कामलाई महेन्द्रले पनि बाहिर नदेखिने तरिकाले दोहोऱ्याएको उल्लेख छ । र, बीपीको राष्ट्रियताको व्याख्यामा पृथ्वीनारायण शाहले सृजना गरेको संरचना, चन्द्र शमशेर, मोहन शमशेरको दर्शनकै निरन्तरता छ भनिएको छ । बीपीले सांस्कृतिक राष्ट्रवाद र प्रजातान्त्रिक शासनबीच राम्रो सम्बन्ध स्थापित गर्न नसकेको तर्क गरिएको छ । यो व्याख्या अलिकति संकीर्ण भयो कि भन्ने लाग्छ । तत्कालीन नेपालको राजनीतिमा बीपीको योगदान धेरथोर जे होला, तर राष्ट्रियताको चर्चा गर्दा उनको प्रजातान्त्रिक समाजवादमा आधारित आर्थिक विचारलाई अलि विस्तारमा चर्चा गर्नु जरूरी छ भन्ने म ठान्छु ।

२०४७ सालको संविधानले पहिले म नेपाली भन्ने बनावटी देशप्रेमलाई बढावा दिएको, भाषा एवं नागरिकताको सवालमा कट्टरता अँगालेको, आदि जस्ता कारणले त्यसको आधिकारिकता, विश्वसनीयता, र स्वीकार्यतामा प्रश्न उठेको जुन विश्लेषण गरिएको छ, त्यो राम्रो छ । नागरिकता र पहिचान भिन्न कुरा हो । जस्तो, बेलायतकै कुरा गर्दा लण्डनमा कुनै बेलायतीलाई सोध्दा कसैले म स्कट, कसैले म आइरिस

हुँ भन्छ । यद्यपि, नागरिकता त उसको बेलायती हो । यो कुरालाई सोचपत्रमा राम्ररी व्याख्या गरिएको छ ।

आफ्ना नागरिकप्रति राज्यको दायित्व हुन्छ, र सोचपत्रमा त्यसको मुख्य जग भनेको संविधान हो भनिएको छ । सबै संविधानमा त्यो लेखिएको छ भन्दा हुन्छ, तर संविधानमा लेखेर मात्र हुँदो रहेनछ । अहिले पनि रोजगारीको हक लेखिएको छ, संविधानमा । हरेक वर्ष चार लाख नेपालीहरू 'वर्क फोर्स'मा आउँछन् । नेपालको संरचनाले १० प्रतिशत अर्थात् ४० हजारभन्दा बढीलाई रोजगारी दिन सक्दैन । अहिले दिनमा ६ सय जना कामको खोजीमा विदेशिन्छन् । त्यो भनेको महिनामा १८ हजार र वर्षमा दुई लाख १६ हजार हो । त्यति हुँदा पनि एक लाख ४४ हजार अझै पनि बेरोजगार रहन्छन् । हामीकहाँ १६ देखि २९ वर्ष उमेर समूहको जनसंख्या वृद्धिदर समग्र जनसंख्याको वृद्धिदरभन्दा बढी छ । त्यो समूह भनेको रोजगारका लागि तयार भएका युवा हुन् । अबका युवा अलिकति शिक्षित र सबल पनि छन् । बितेको नौ महिनाको सरकारी तथ्यांकले २१ हजार नेपाली बाहिर पढ्न गएको देखाउँछ । सरकारी अभिलेखमा नभएका तथा आफ्नै तवरबाट जानेको हिसाबै छैन । त्यो पनि उल्लेख्य संख्यामा छ । यी अदक्ष कामदार होइनन्, राम्रो अंक ल्याएका, प्रतिस्पर्धाबाट छानिएर गएकाहरू हुन् । र, देशको यही अवस्था रहेमा तिनीहरू फर्किने छैनन् । राष्ट्रियताको कुरा गर्दा यो कुरालाई कसरी हेर्ने ?

सोचपत्रले यति धेरै, गम्भीर र विवादास्पद विषयहरूलाई उठाएको छ, जुन दुस्साहसपूर्ण काम नै हो । कतिपय विशेषण र विश्लेषण राम्ररी बुझाउन सकिएन भने गोदाइ पनि खान सकिने कुराहरू आएका छन् । एकदुई ठाउँमा भने कोठे गफमा प्रयोग हुने शब्दहरू पनि प्रयोग भएको जस्तो लाग्यो, ती हटाउँदा सोचपत्रको ओज अझ बढ्थ्यो । अरूको भन्दा भिन्न तरिकाको प्रस्तुति छ । समग्रमा मैले धेरै नै आनन्द लिएँ ।

## २२ हृदयेश त्रिपाठी, तराई–मधेस लोकतान्त्रिक पार्टी

राष्ट्रियताको विषयमा बहस-छलफल अगाडि बढाउनु भनेको दुस्साहस हो, किनकि मूल लडाइँ यसैमा छ । नेपालको राष्ट्रियताको अहिलेसम्मको प्रक्रिया भने निल्ने कि मिल्ने भन्ने हो । संस्थापनले निलेर, लादेर आफूले तोकिदिएको पहिचानअनुसार जो-

जो आए ती मूलधार भए । जो निलिन मानेनन्, जसले हैकम स्वीकारेनन् ती नेपाली राष्ट्रियताको अंगै भएनन् । अहिले जुन विभिन्न जनीय समूहहरू (एथनिक ग्रुपहरू) जुर्मुराइरहेका छन् ती राज्यद्वारा सामाजिक समूहको रूपमा समेत मान्यता नपाएका जमात हुन् । निश्चित पोसाक लाउनुपर्ने, निश्चित काम (ड्युटी) गर्नैपर्ने बाध्यताबाट पिल्सिएर आएका हुन्, अर्थात निलिएर आएकाहरू हुन् । नेपाली समाजको जुन बनोट छ, त्यसलाई अस्वीकार गरेर कुनै पनि वाद खोज्न सकिन्न, र राष्ट्रियताको बारेमा झनै खोज्न सकिन्न भन्ने मेरो मान्यता हो । त्यसैले हामीले पहिले पनि भनेका थियौं देश त हाम्रो हो, तर राज्य हाम्रो कहिले पनि भएन । राज्यका सञ्चालक कहिल्यै हाम्रा भएनन् । यस सोचपत्रमा उठाइएका विषयको समाधान नै नेपालको अहिलेका सबै समस्याको समाधान हो । तर, कुरा यहीँ मिलिरहेको छैन ।

मधेस विद्रोहको बिजारोपण १ पुस (२०६३) को मध्यरातमा भइसकेको थियो, जुन बेला केन्द्रीय सत्ताको अन्त गर्ने कुरा अन्तरिम संविधानमा स्वीकारियो, तर एउटा उधारो शब्द 'संघीयता' लेख्न मानिएन । 'नोट अफ डिसेन्ट' लेखियो, र एक महिनापछि मधेस विद्रोह सुरु भयो । राजनीतिकर्मीले धेरै आगो बल्न दिएनन् भनिएको छ सोचपत्रमा, जुन केही हदसम्म सही हो । मधेस विद्रोह धेरै संगठित भएर भएको होइन । सबै फटाहाहरूले त हामीसँग विभेद गरे-गरे, नयाँ फटाहाले पनि हामीसँग त्यस्तै व्यवहार गर्ने भन्ने आम जनताको आक्रोश हो त्यो । नयाँ फटाहाको रूपमा उनीहरूले माओवादीलाई भनेका हुन् । त्यो काँग्रेस-एमालेप्रतिको विद्रोह थिएन, किनभने उनीहरू वंशजले नै फटाहा भएको जनताले बुझेकै थिए ।

मधेस विद्रोहका तीनओटा सन्देश छन् । एउटा, नेताहरू आउन जरूरी छैन । वास्तवमा नेताविनै मधेसमा विद्रोह सुरु भएको थियो । दोस्रो, अब पहिले जस्तो हामी रहदैनौं, काठमाडौं जे भन्छ त्यही मान्न जरूरी छैन भन्ने थियो । तेस्रो, अन्तर्राष्ट्रिय समुदायलाई यो देशमा मधेस पनि छ भन्ने सन्देश थियो ।

मधेसी भनेर हामीले पुरेत खोजेर आफूले आफ्नो नाम जुराएको होइन । तत्कालीन विद्वान्/शासकहरूले हामीलाई त्यो नाम दिए । हामीलाई वास्तवमा त्यो नामले चित्त दुखेको थियो । त्यो अपमानबोधक थियो । तर २०४८ सालपछि त्यसले पहिचानको रूप लियो । पहिले हामीलाई रिस उठ्थ्यो, अहिले अरूलाई रिस उठ्छ ।

यहाँनेर म एउटा घटना उल्लेख गर्न चाहन्छु, जसबारे कहीँ चर्चा हुँदैन । सन् १८१६ को सुगौली सन्धिपश्चात तराईको ठूलो हिस्सा ब्रिटिश इण्डियाले लिइसकेपछि

जमिनदारहरूको मत संकलन गरौं भन्ने सहमति भएको थियो । नौजना जमिनदारहरूले हात्ती-घोडासहित हामी म्लेक्षहरूको देश (ब्रिटिश इण्डिया)मा नबस्ने, नेपालमा बस्ने भनेर अभियान नै चलाए । महोत्तरीको मटिहानीमा उनीहरूको पण्डाल गाडेको ठाउँबाट ब्रिटिश पुलिसले उनीहरूलाई समात्यो । तर पछि छोडियो, किनकि यो सहमति भएको कुरा थियो । उनीहरू कोशी नदीसम्म पुगेको पाइन्छ । यो कुरा तत्कालीन बेतीयाको बिएमको डायरी, जुन लण्डनमा छ, मा लेखिएको छ । तसर्थ, अहिलेको नेपालको जुन भू-भाग छ, बनावट छ, यसमा तत्कालीन मधेसी जमिनदारहरूको भूमिका छ । अरूले माया गरेकाले जंगबहादुरले पाएको हैन । उदाहरणका लागि मर्चवारको बनावट नेपालको नक्सामा सबभन्दा जटिल देखिन्छ । नौतनवाभन्दा पर सात किलोमिटरसम्म मर्चवार गएको छ । फेरि अलिकति फर्केको छ । तत्कालीन जमिनदार कतिले भारतमा र कतिले नेपालमा बस्ने भने । त्यही जमिनदारीलाई रेखांकन गरेर बनाइएकाले त्यस्तो नक्सा बनेको हो । पछि सन्धिमा केही संशोधन भयो । केही भू-भाग फिर्ता भयो । विशेष गरी कपिलवस्तु र दाङ पूर्वको भूमिमा । यो कुरालाई स्वीकार गर्न हामीलाई अझ धेरै वर्ष लाग्ला ।

यहाँको राष्ट्रियतालाई सधैं संस्कृतिको आधारमा व्याख्या गरियो । एउटै भाषा संस्कृतिका वर्चश्व रहेकाहरूले नेपाली राष्ट्रियताको व्याख्या गरे । त्यसैलाई मान्नुपर्ने बनाइयो, राष्ट्रिय कर्तव्य हो भन्ने व्याख्या गरियो । अहिले त्यो व्याख्या पुनर्व्याख्याको चरणमा छ । कसैलाई मन परोस्-नपरोस्, देश, समाज पुनर्व्याख्या खोज्दै छ ।

सीकेजीले उठाउनुभएको नेपालीय भन्ने कुरालाई हामीले बुझ्नु, व्याख्या गर्नु जरूरी छ । तर यसलाई स्वीकार्न निश्चित समूहलाई गाह्रो पर्नेछ किनभने उनीहरूले बुझेको राष्ट्रियता एउटै पोसाक, भू-भाग, संस्कृतिमा आधारित छ, जुन अब चल्नेवाला छैन । अहिले व्यक्तिले राज्यमा आफ्नो सहभागिता, पहुँच खोज्न थालेका छन् । र, बहुराष्ट्रिय राज्यको निर्माण गरेर मात्र यसलाई समाधान गर्न सकिन्छ । अरू उपाय छैन । अहिले संविधान बन्ने प्रक्रियामा यस कुराको स्वीकारोक्ति हुनु जरूरी छ । संवैधानिक समितिमा यो विषय आउँदा मधेसवादी राजनीतिक दल र माओवादीबाहेक सबै एक ठाउँमा उभिएका थिए । तर मतदान हुँदा हामीले जित्यौं । यथास्थितिवादीहरूलाई पराजयपछि जुन पीडा भयो, त्यही हो वर्तमान नेपालको पीडा । सीकेजीको यस सोचपत्रले वैचारिक बहस अगाडि बढाउनमा थप मद्दत गर्नेछ । र, उहाँलाई यही विषयलाई लिएर प्रहार हुने संकेत पनि देखिँदै छ ।

●